बौद्ध मासिक

# धर्म चक्षु



# DHARMA CHAKSHU

मूल्य रु २५

Wondershare PDFelement

नेपालका राष्ट्रिय विभूति, अहिंसाका पुजारी तथा

विश्वशान्तिका अग्रदूत **भगवान बुद्धको**

**२५४६औं जन्म जयन्तीको पावन अवसरमा**

हामी सम्पूर्ण नेपालीहरु, बौद्ध उपासक,

उपासिकाहरुमा

**हार्दिक सुख, शान्ति र कल्याणको**

**मंगलमय**

शुभकामना व्यक्त गर्दछौं ।

**सुवर्ण वज्राचार्य**

सभापति

तथा

**२५४६ औं बुद्ध जन्म जयन्ती समारोह समिति**

धर्मशिला बुद्ध विहार, पोखरा

Wondershare PDFelement

# धर्म चक्षु

THE DHARMA CHAKSHU
A Buddhist Monthly
Pokhara, Nepal

**March-April - 2002**

धर्मशिला बुद्ध विहार, पोखरा

वर्ष - ५, अङ्क ८, पूर्णाङ्क - १६,
वैशाख पूर्णिमा, जेठ २०५८

**प्रकाशक/प्रधान सम्पादक**
भिक्षु श्रद्धानन्द
फोन नं :- २०५१७

**सम्पादक**
तिलकमान गुभाजू

**व्यवस्थापक**
अनागारिका कर्मशिला
(संस्थापिका, धर्मशिला विद्वत वृत्ति)

**सह व्यवस्थापक**
युवा बौद्ध संघ
(विकाशरत्न शाक्य, चेतन सिं ताङ्वे, वलराम लामा)

**सहयोगीहरु**
याम कुमारी गुरुङ्, बलबहादुर अधिकारी, सनकमान सी.के.

**सम्पर्क कार्यालय**
१४४ - नयाँ बजार, पोखरा - ८
फोन नं. :- २०२४६

**कम्प्युटर सेटिङ्ग**
मिन नारायण श्रेष्ठ

**मुद्रण**
ॐ अफसेट प्रिन्टर्स, चिप्लेढुङ्गा, पोखरा


## विषय सूची


| | | पेज नं. |
|---|---|---|
| १ | सम्पादकीय | २ |
| २ | नेपालमा बुद्ध धर्म र बौद्ध धर्मावलम्बिहरुका स्थिति<br>भिक्षु श्रद्धानन्द | ४ |
| ३ | सुखको बाटो<br>भिक्षु सुशील | १२ |
| ४ | अनेक धर्मको बीचमा बुद्धत्व<br>व . आ . कनक्द्वीप | १६ |
| ५ | गीत<br>प्रकट पगेनी 'शिव' | १९ |
| ६ | वर्तमान परिवेशमा भगवान बुद्धका उपदेशहरु<br>भूपनिधि पन्त | २० |
| ७ | बुद्ध धर्मको पृष्ठभूमि र बुद्ध धर्म<br>डा. गेहेन्द्रमान उदास "पोखरेली" | २४ |
| ८ | बुद्ध, नेपाल र विश्व : साँस्कृतिक सहअस्तित्वको खोजी<br>तिलक पराजुली | २६ |
| ९ | बुद्ध आफ्नो बत्ती आफै हुन्<br>भास्कर | २८ |
| १० | शान्तिको चाहाना र हाम्रो वर्तमान<br>सुवर्ण वज्राचार्य | ३२ |
| ११ | शान्तिका दूत<br>सूर्य खड्का 'विस्वर्ची' | ३४ |
| १२ | नेवार समुदायको धर्म बारे एक विचार<br>तिलकमान गुभाजू | ३५ |
| १३ | सबैलाई ज्ञानी बनाउन खोज<br>सविता तामाङ्ग | ४० |
| १४ | बौद्ध संघ संस्थाहरुको परिचय | ४२ ... |

अहिंसाका पुजारी तथा विश्व

शान्तिका आग्रदूत शाक्यमुनि बुद्धको

**२५४६ औं जन्मजयन्तीको पावन अवसरमा**

सबैमा सद्बुद्धि आओस र देशवाट सदाको

लागि हत्या, हिंसा, आतंक, लुटपाटको अन्तहोस् ।

यही हाम्रो देशवासी शुभचिन्तकहरुमा

हार्दिक शुभकामना छ ।

उत्तममान बुद्धाचार्य

**एलिगेन्स ट्रेड सेण्टर**

चिप्लेढुङ्गा, पोखरा

फोन :- २०७३७

तेजमान बुद्धाचार्य

**फोरनाइन ज्वेलर्स**,

मोहरिया टोल, पोखरा

फोन : २२३४२/२३९०५

Wondershare PDFelement

# विश्व शान्ति दिवस

वैशाख पूर्णिमा हाम्रो जीवनको अत्यन्त महत्वपूर्ण दिन हो । वैशाख पूर्णिमाको दिनमा विश्व शान्तिका अग्रदूत शाक्यमुनि गौतमको जन्म भएको हो, उहाँले यही दिनमा सर्वार्थ सिद्ध भै बुद्धत्व प्राप्त गर्नु भएको हो भने यही दिनमा नै उहाँले महापरिनिर्वाण प्राप्त गर्नु भएको हो । त्यस्तो तीनवटा महासंयोग परेको यो दिवस प्रत्येक शान्तिकामीहरूकालागि पनि उत्तिकै महत्वपूर्ण छ ।

भगवान बुद्धले संसारवाट दुःख निवारण गर्न अत्यन्त ठूलो परिश्रम गर्नु भयो । अरु दार्शनिकहरुले झै उहाँले संसारमा दुःख छ मात्र नभनी दुःखको कारण छ भन्नुभयो, त्यो कारण निवारण गर्ने मार्ग छ र आर्य अष्टाङ्गिक मार्ग अपनाएर दुःख हटाउन सकिन्छ भनी सवैलाई वाटो देखाई दिनु भएको छ ।

उहाँले सामाजिक भेदभाव, उत्पीडन र शोषणको विरोधमा क्रान्तिकारी कदम चाल्नुभयो र समाजमा शान्ति, मैत्री, समानता कायम गर्न जीवन भर अथक परिश्रम गनुभयो ।

उहाँले सधैं आफूलाई हत्या, हिंसा र आतङ्कको विरोधमा उभ्याउनु भयो । सानै उमेर देखि नै उहाँ प्राणी हिंसाको विरोधी हुनुहुन्थ्यो । देवदत्तले धनुष हानेर खसालेको हाँसलाई उहाँले मलम लगाएर वचाउनु भयो र हाँस बचाउनेको हुन्छ भन्ने न्याय निसाफको सर्वमान्य आधार तैयार गरिदिनु भयो ।

तथागतले सधैं, युद्धको कडा विरोध गर्नुभयो । उहाँले आफ्नो राज्य कपिलवस्तु र देवदहका वीच रोहिणी नदीको पानीको विषयमा युद्ध हुन लाग्दा संथागार (संसद) मा सोध्नु भयो - मानिसको रगतको मूल्य ठूलो कि नदीमा वगेको पानीको मूल्य ठूलो ? मानिसको रगतको मूल्य ठूलो हो भने त्यो ठूलो मूल्य पर्ने रगत सानो मूल्य पर्ने पानीको लागि किन वगाउने ? उहाँको तर्क थियो । त्यो तर्क हिंसा, प्रतिहिंसा र युद्ध भैरहेको हाम्रो समाज, राष्ट्र र अन्तर्राष्ट्र सबैका लागि आज पनि उत्तिकै चिन्तनीय, मननीय र ग्राह्य छ ।

भगवान बुद्धले सधैं शान्तिको लागि काम गर्नु भयो । जस्तो सुकै कठिन परिस्थितिमा पनि उहाँले शान्तिको मार्ग त्याग्नु भएन । आफैलाई मार्न आउने र आफूमाथि हतियार तेर्साउँदा पनि उहाँले उत्तिकै मैत्रीपूर्ण व्यवहार गरेर शान्ति प्रतिको निष्ठा, अटल निष्ठा प्रदर्शन गर्नुभयो । त्यसैले आज बुद्ध भन्नासाथ शान्तिको अनुभूति हुन्छ । बुद्ध र शान्ति एक अर्काको पर्यायवाची शव्द वनेको छ । यही महत्वलाई हृदयङ्गम गरि सयुक्त राष्ट्र संघले वैशाख पूर्णिमाको दिनमा आफ्नो कार्यालयमा विदा घोषणा गरेको छ । त्यो हामी सवै नेपाल र नेपालीका लागि तथा शान्तिकामी मानवतावादीका लागि ठूलो गौरवको कुरा हो ।

आज समय आएको छ - त्यो भन्दा एकदम अघि वढ्नु । हत्या, हिंसा, आतङ्क, लुटपाट, युद्ध फैलिएको विश्वमा कमसेकम वैशाख पूर्णिमाको एक दिन ती सवै वन्द गरी अर्थात युद्ध विराम गरी शान्ति पूर्वक वस्ने र वस्न दिने अर्थात यस दिवसलाई विश्व शान्ति दिवस मनाउने । यो हाम्रो आग्रह हो । श्री ५ को सरकारले वैशाख पूर्णिमालाई शान्ति दिवस घोषणा गर्ने र त्यस पछि संयुक्त राष्ट्र संघमा पनि सो अनुकूलको प्रस्ताव पेश गर्नु ज्यादै समयोचित हुनेछ । नेपालले यो प्रस्ताव अघि सारेमा धेरै राष्ट्रहरुको समर्थन प्राप्त हुनेछ र प्रस्ताव पारित हुनेछ भनेर अपेक्षा गर्न सकिन्छ ।

## शान्ति, मैत्री र महान कारुणिक

**सिद्धार्थ गौतम बुद्धको २५४६औं जयन्तीको**

यस पूनीत उपलक्ष्यमा हामी

देश र समाजमा व्याप्त

हत्या, हिंसा र प्रतिहिंसाको

छिटो अन्त होस् र शान्ति, मैत्री

र

**अमन चैन कायम होस् भनि**

**मंगलमय कामना**

**गर्दछौं ।**

**एस एस डिपार्टमेन्टल स्टोर्स प्रा.लि.**

पृथ्वीचोक, पोखरा

फोन :- २५३९५

**शेरमान एण्ड सन्स**

मोहरिया टोल, पोखरा

फोन : २०३९५

२३३३६

Wondershare PDFelement

# नेपालमा बुद्ध धर्म र बौद्ध धर्मावलम्बिहरूका स्थिति

□ भिक्षु श्रद्धानन्द

भगवान गौत्तम बुद्धले अन्तिम अवस्थामा वताउनु भए अनुसार श्रद्धालु उपासक उपासिकाहरुका निमित्त दर्शन गर्न योग्य र संवेजन (अनित्य, दुःख र अनात्म दर्शाउने वैराग्य) गर्न योग्य संवेजनीय चार स्थानहरु मध्ये प्रथम संवेजनीय स्थल लुम्बिनी हो। लुम्बिनी नेपालको दक्षिण पश्चिम तराईमा पर्दछ।

देवदह र कपिल वस्तुको वीचमा पर्ने लुम्बिनी उद्यान तथागत जन्मनु भएको दर्शन गर्न र संवेजन गर्न योग्य चार पवित्र पूण्य भूमि मध्ये प्रथम पूण्य भूमि हो। ई.पू. ५६३ वैशाख पूर्णिमाको दिन कपिलवस्तु शाक्य गणतन्त्र र कोलिय शाक्य गणतन्त्रको वीचमा पर्ने लुम्बिनी उद्यानमा महामाया देवी र महाराज शुद्धोदनको कोखबाट बुद्धको जन्म भयो। त्यो खवर राजा शुद्धोदनकहाँ पुगेपछि कपिलवस्तु दरवारमै धुमधाम हर्षोल्हासका साथ जात्रा गरी लगियो।

उहाँको १६ वर्षको उमेरमा यशोधरासंग विवाह भयो। कपिल वस्तुमा सिद्धार्थ कुमारले २९ वर्ष सम्म विताउनु भयो। २९ वर्षको उमेरमा उहाँले संसारको मीनसहरुलाई सांसारिक दुःखबाट मुक्त हुने उपायको खोजिको लागि महाभिनिष्क्रमण गर्नु भयो। आषाढ पूर्णिमाको मध्यरातमा गृह त्याग गरी अनोमा नदीमा आफ्नो केश आफै काटी गेरु वस्त्र (चीवर) धारण गरी भिक्षापात्र लिई भिक्षाटन गर्दै राजगृह हुँदै उरुवेल वन, वोध गया पुग्नु भयो र त्यहाँ ६ वर्ष कठोर तपस्या योग साधना तथा ध्यानाभ्यास गर्नु भएपछि वैशाख पूर्णिमाको दिन वोधगयामा वोधि वृक्ष मुनि अधिष्ठान गरी वस्नु भएपछि ई.पू. ५२८ मा वोधिज्ञान प्राप्त गर्नु भयो। अनि उहाँ वुद्ध हुनु भयो। उहाँले उक्त वोधिज्ञान करुण भरि चित्तले वहुजन हित, वहुजन सुखको लागि वाँड्नु भयो। त्यही क्रममा आफूले खोजविन गरि प्राप्त गरेको ज्ञान मृगदावन सारनाथको पीपलवोट मुनि पञ्चभद्र वर्गीय भिक्षुहरुलाई आषाढ पूर्णिमाको दिन प्रथम धर्मचक्र प्रवर्तन गर्नु भयो।

भगवान बुद्धले मूल रुपमा चार आर्य सत्य अर्थात् दुःख र दुःखबाट मुक्त हुने मार्गको उपदेश दिनु भयो। चार आर्य सत्यहरु के के हुन् त ?

(१) दुःख सत्य (२) दुःख समुदय सत्य (३) दुःख निरोध सत्य (४) दुःख निरोध गामिनी प्रतिपदा आर्य सत्य

यी चार आर्य सत्यमा दुःख सत्य, संसार दुःखै दुःखले परिपूर्ण छ, दुःख समुदय सत्य भनेको दुःख उत्पत्तिको कारण तृष्णा, दुःख निरोध भनेको - दुःख निवारण गर्न सकिन्छ। दुःख निरोध गामिनी प्रतिपदा आर्य सत्य भनेको - दुःख निवारणको उपाय आर्य अष्टांगिक मार्ग हो जुन निम्न प्रकारका छन्।

(१) समयक दृष्टि (२) सम्यक संकल्प (३) सम्यक वचन (४) सम्यक कर्मान्त
(५) सम्यक आजीव (६) सम्यक व्यायाम (७) सम्यक स्मृति (८) सम्यक समाधि

यहि आर्य अष्टागिक मार्गको अनुशरण गरी अभ्यास गरेमा बुद्ध धर्मको अन्ति लक्ष्य निर्वाण प्राप्त गर्न सकिन्छ। वुद्ध धर्मको परिभाषाको लागि उपयुक्त शव्द 'सत्य' हुनेछ। वुद्धले आफैले दिनु भएको मौलिक शिक्षामा जीवन र संसारको सत्य समाएको थियो। बुद्धले अन्वेषण, गवेषण गरी पत्ता लगाई अनुभव गरी वोध गर्नु भई वताउनु भएको उपदेशलाई नै वुद्ध धर्म भनिएको हो। उहांले वताउनु भएको मार्ग हिड्ने व्यक्तिलाई वौद्ध भनिन्छ।

भगवान बुद्धले ४५ वर्षसम्म गाउँ, नगर, निगम विचरण गर्नु भई वहुजन हित र वहुजन सुखको लागि अनुकम्पा राखी धम्म उपदेश गर्नु भयो र ८० वर्षको उमेरमा, कुशीनगरको दुई शाल वृक्षको बीचमा इ.पू. ४८३ वैशाख पूर्णिमा, मङ्गलवारको दिन महापरिनिर्वाण प्राप्त गर्नु भयो।

बुद्ध परिनिर्वाण भएको १०० वर्ष पछि पूर्व र पश्चिमका भिक्षुहरुमा मतभेद भए र परम्परावादी र प्रगतिशील समूह गरी दुइ समूहमा विभाजित भए।

नेपाल अधिराज्यमा बुद्ध धर्मको प्रवेश कहिले भयो निश्चित भन्न कठीन छ तापनि बुद्धले बोधिज्ञान लाभ गरेको ठीक एक वर्ष पछि वैशाख पूर्णिमा (स्वाया पुन्ही) को दिन उहां कपिलवस्तु फर्कनु भयो। त्यसवेला देखि नेपाल अधिराज्य कपिलवस्तुमा बुद्ध धर्मको प्रवेश भयो। प्रचार भयो। आषाढ पूर्णिमाका दिन बुद्धले प्रथम शन्देश धर्मचक्र प्रवर्तन गर्नु

भएको थियो । यो प्रथम धर्मचक्र प्रवर्तन सुन्नु हुने पञ्चभद्र वर्गीहरु पनि कपिलवस्तुकै हुनु हुन्थ्यो । उहाँहरु त्यही वाराणसी मृगदावनमा क्षीणाश्रव अर्हत भिक्षुहरु हुनु भयो ।

नेपालमा अतीत बुद्धहरु प्रति अति ठूलो श्रद्धा गरेको पाइन्छ । आजकल निग्लीहवामा दुइ टुक्रा भई लडिरहेको शीलास्तम्भ एउटा र एउटा पृथ्वीमा धस्सिएर ढल्किएर रहेको शीला स्तम्भमा अतीत बुद्धका स्तुपका कुराहरु उल्लेख भएको पाइन्छ । जुन यस प्रकार छन् । देवानांपियेन पियदसिन लाजिन चोदसवसाभिसितेन बुद्धस कोनागमनस थुबे दुतिय वढिते विसति (व) साभिसितेन च अतन आगाच महीयिते सिलाथ भे (च) उसपापिते ।

यसको अर्थ साधारण किसिमले यस्तो हो - देवताहरुका मन पर्ने वा प्यारो प्रियदर्शी राजाले राज्याभिषेकको चौध वर्ष पछि कोनागमन (कमन) बुद्धको (पहिलेको भन्दा) दुइवटा वरावरको ठूलो गरी स्तूप वनाउनु भयो । राज्याभिषेकको वीस वर्ष पछि आफै यहाँ आउनु भएर शीलास्तम्भ खडा गर्नु भयो । ह्वेन्साङको उल्लेख अनुसार कपिलवस्तु कनकमुनि बुद्धको जन्म भूमि हो भनिन्छ ।

त्यस्तै गोटिहवामा एउटा अशोकको शीला स्तम्भ छ । अभिलेखमा केही देखिन्न तर त्यो शीला स्तम्भ अहिले सम्म जग देखि माथि ठडिएको छ । चिनिया यात्रुहरुका वर्णन अनुसार यो क्रकुच्छन्दसंग सम्वन्धित देखिन्छ ।

यसको नजिकै एउटा स्तूप (थुवे) को भग्नावशेष रहेको छ । यसको उत्खनन राम्रोसंग भएको छैन । यस स्तूप पनि क्रकुच्छन्द बुद्धको स्मृतिमा वनाइएको हो । यी माथिका स्तम्भको वारे पुरातात्विक उत्खनन हुन वाकि नैछ ।

काश्यम तथागत हुनु भई सकेपछि मात्र गौतम बुद्ध हुनु भएको उल्लेख पाइन्छ ।

नेपालमा सम्यक वा पञ्चदानको वेला दीपंकर बुद्धको पूजा कारण पनि अतीत कालका तथागतका पूजा नै हो । गौतम बुद्धले बुद्ध हुनलाई पहिले वोधिसत्व चर्या प्रणिधान गर्नु भएको नै दीपंकर तथागत संग रहेछ । त्यसैले महावंश आदि बौद्ध पद्धतिको इतिहासमा अतीत बुद्धहरुका स्मरण गर्दा दपंकर तथागत बुद्ध देखि स्मरण गरिएको छ । यही परम्परा नेपाली बौद्ध समाजले पनि अतीत बुद्धहरुका सम्मान पूजा गर्दा अपनाई राखेको देखिन्छ ।

सिद्धार्थ गौत्तमलाई सम्वोधि लाभ हुनु भन्दा अघि नै बुद्ध धर्म थियो भन्ने पनि गरिन्छ । यस्तो भन्ने गरेको कारण गौतम बुद्ध नेपाल खल्टोमा आउनु हुँदा स्वयम्भू महाचैत्य भइ नै (वनि) सकेको भन्ने स्वयम्भू पुराणको अभिधारणामा निर्भर भई रहेको हो । तर बुद्ध धर्म बौद्ध स्मारक आदि उसवेला भएको भए सिद्धार्थ गौतमले त्यति धेरै दुःख गरी वोधिज्ञान खोजि गरी हिंड्नु पर्ने होईन । फेरि त्यस वेला बुद्ध धर्म भए पनि कसरी ठीक होला ? त्यसैले हाम्रो देशमा पहिले पहिले देखि नै सिद्धार्थ बुद्ध हुनु नभएको बेला देखि नै बुद्ध धर्मको परम्परा छ भनि भन्नु गौरवको विषय हुन सक्छ तर सत्यको विषय हुँदैन । यथार्थमा शाक्य मुनि बुद्धले दिनु भएको उपदेशलाई नै बुद्ध धर्म मानि आएको छ ।

फेरि पहिले पहिलेका तथागतहरुका वर्णन पुण्य-संस्मरणको हिसावले गरी राखेको मात्र हो । गौतम बुद्ध त पच्चिस सय वर्ष अघिको मात्र हुनु हुन्छ । यो संसारको सृष्टि र संरक्षण यस भन्दा कति अघि देखि भइ रहेछ भन्ने कुरालाई उत्तरको रुपमा आदि बुद्धको कुरा महत्वपूर्ण हुन्छ ।

'सृष्टिकान्ता लोकेश्वर' को कुरा पनि महत्वपूर्ण हुन्छ तर साँचो भनौ भने यिनीहरु दार्शनिक विचारधाराका उन्नति र प्रगति हो ।

नेपाल उपत्यकामा कहिले बुद्ध धर्म प्रवेश भयो भन्ने कुरा कुनै निश्चित तिथि मिति नभए तापनि बुद्धको जीवन काल मै बुद्ध धर्म नेपाल उपत्यकामा प्रवेश गरेको भन्न सकिन्छ । त्यसवेला नेपाल उपत्यकामा नेपारहरुका राज्य हो । नेपारहरुलाई किराती पनि भन्दछन् । बुद्धको जीवनकालमै उन किन्न आएका व्यापारिहरुसंग भिक्षुहरु पनि नेपाल उपत्यकामा आउनु भएको वर्णन छ । भन्तेहरु हो ! नेपालको वाटो भन्नु नै पत्थरिलो पहाडी उकालो ओरालो मात्र उँटको पिठ्यूँ जस्तो भएको वर्णनवाट बुद्धको जीवनकालमा नै उन किन्न आउने व्यापारीहरुका साथ केही भिक्षुहरु नेपाल उपत्यकामा आएको वर्णन नेपाल यात्रा क्रममा हिउँले खुट्टाको औंला खाएकोले भिक्षुहरुलाई जुत्ता लाउन आज्ञा दिएको वर्णन पाइन्छ । तर यी वर्णनहरुका ऐतिहासिक कालक्रमका साथ उल्लेख गर्न विवेचन गर्न वाँकी नै छ । तर यहाँ अति जाडो भएकोले, जाडो खप्न नसकी चाँडै फर्कनु भएको उल्लेख छ । यसरी उहाँहरु यहाँ धेरै समय वस्नु नभए

पनि यहाँका निवासीहरुले भिक्षुहरुका दर्शन गर्न पाएको यो पहिलो पटक हो ।

बुद्धको जीवनको अन्त्य तिर कोशलको विडूडभले कपिलवस्तुमाथि आक्रमण गरेको वर्णन पालि त्रिपिटकमा उल्लेख छ । यसरी आक्रमण गरेको वेला नेपाल उपत्यका भित्र शाक्यहरु प्रवेश गरे होला ।

केही समय पछि कोलिय गणतन्त्रको प्रभावमा वस्न कठीन भयो । मगधले दुःख दिई सताएकोले वज्जिहरु त्यहाँ बस्न गाह्रो माने । अनि यिनीहरु पनि नेपाल उपत्यकामा पसे होला । किनभने एकातिर वस्न कठीन (मुश्कील) अर्कोतिर नेपाल उपत्यकाको प्राचीन अभिलेखको काल सम्ममा यिनीहरुले व्यवस्थित वसोवास गरी वसी सकेको कुरा छ । मूल सर्वास्तिवाद बिनयमा बुद्धको अन्तीम समय तिर कपिल वस्तुका धेरै शाक्यहरु नेपाल उपत्यकामा आएका कुरा छन् ।

लिच्छविकालका टेवहालका अभिलेखमा शाक्य-वंशी भिक्षु प्रियपाल र वायवाहीको अभिलेखमा भिक्षु वन्धु भद्रको नाम स्पष्ट रुपले आइ रहेको छ । कान्तिपुरको पुरानो दुई वस्तिको नाम कोली ग्राम र दक्षिणकोली ग्राम हो । अभिलेखको वृजिकरथ्या उल्लेखले वज्जिहरुको अस्तित्व पनि नेपाल उपत्यकामा देखाउँछ ।

अशोक महाराज आफ्नो परिवारको साथमा र आफ्नो आदरणीय गुरु उपगुप्तसंग नेपाल उपत्यकामा तीर्थाटनको रुपमा आउनु भएको वंशावलीको वर्णन छ । उहाँले आफ्नो छोरी चारुमतीको विवाह क्षेत्रीय राजा देवपालसंग गरि दिनु भयो र फेरि ३६०० रोपनी खेत पनि दिनु भई आफ्नो देशमा फर्कनु भएको कुरा उल्लेख छ । उमेर पुर्ण पुगेपछि चारुमती र देवपालले वाँकी जीवन धार्मिक पूर्वक विताउने विचार गरी दुइटा विहार पनि छुट्टा छुट्टै वनाउने कुरा गरे । चारुमतीले विहार वनाई सकेर भिक्षुणीको रुपमा जीवन विताउनु भयो । चारुमती विहार चावहीलमा हाल पनि विद्यमान छ ।

लिच्छवि युगलाई स्वर्ण युग पनि भन्दछन् अर्थात सत्य युग भन्दछ । लिच्छविकालमा बुद्ध धर्मको विकास तथा श्री वृद्धि भएको पाइन्छ । बुद्ध शासन चिरस्थायि बनाउन लिच्छवि राजाहरुले धेरै सहयोग गरेको पाइन्छ । ती राजाहरु सवै धर्ममा समान दृष्टि राख्छन् । ती राजहरुले बुद्ध धर्ममा पनि त्यतिकै श्रद्धा राखेको पाइन्छ ।

लिच्छवीकालीन धेरै राजाहरुले बुद्ध धर्ममा श्रद्धा राखी विहारहरु वनाएका पाइन्छन् । जस्तो श्रीमान विहार , श्रीराज विहार, खर्जुरिका विहार, मध्यम विहार, शिवदेव विहार, कल्याण गुप्त विहार, अभयरुचि विहार, सुजात प्रभु विहार, पुष्पवाटिका विहार, अजिका विहारहरुमा सव भन्दा पुरानो र प्रतिस्ठित विहार 'गुं विहार' मानिएको छ । साँखुको एक अभिलेखमा महा सांघिक भिक्षुसंघको उल्लेख पाइएको छ । ह्वेन सांगका अनुसार नेपालमा हीनयान र महायान बौद्ध भिक्षुहरु छन् । श्रीधन वज्र वज्राचार्यज्यूको विचार धारामा 'गुं विहार' हीनयानको गुढ हो, पछि यसको ठाउँ वज्राचार्यले लियो । गुंविहारमा वज्रयोगिनीको मूर्ति स्थापना गरियो । बुद्ध स्वयं वस्न हुने 'गुं विहार' गन्धुटी नेपाल उपत्यकामा एक विहारको नाम प्रसिद्ध भयो । लिच्छवीकालपछि यहाँ वज्रयान बुद्ध धर्मको ठूलो प्रभाव पर्दै गएको देखा पर्दछ । गन वहा, गण वहा यो एक पुरानो वाहाल हो । वाहा पूजा गर्दा वाटो र वाहालको लाइन सके सम्म जस्तो हो उस्तै गरी लागेर जाने परम्परा छ । यसै गरी वाटो लागेर वाहुल पूजा आउँदा गन वहाल एउटा पनि कहा कहाँ भनी भन्ने रहेछ । त्यसैले गन वहा भनेको बुझिन्छ । भिक्षु संघलाई दान दिएकोल गण वहाल भनिएको र भिक्षु महा संघ वस्ने भएकोले गण महा विहा भन्ने भएको हुन सक्ने देखिन्छ । अनि यस ठाउँमा स्थविर वादी भिक्षु संघलाई यस वाहालका परम्पराका गुरुजुहरुले दान दिनासाथ जीर्णद्वाराको क्रममा वि.सं. २०२० गँला द्वितीयाका दिन वस्न आएको उल्लेख छ । राजा जयस्थिति मल्लले धार्मिक सुधारको आधारमा भिक्षुहरुलाई गृहस्थ वनाउने वा राम्रै सित विवाह गर्न वाध्य गऱ्यो, अनि रहन सहन वा पुरानो लुगा जस्तो लुगा जुन यानका भिक्षु (भन्तेहरु) सिद्धि रहेन । तिनीहरुका काम कुरो रहन सहनका काम कुरा गर्न लगाइयो । पुरोहितवादी प्रतिक्रिया सक्रिय भएकोले चुडाकर्म (वरेछुइगु) परम्परा र बुद्ध धर्ममा नयाँ युग अपेक्षित परिवर्तन र परिवर्द्धनले द्रुत गति पूर्ण मोड लियो । यसरी वज्रयान र तन्त्रयानको प्रभाव वढ्दे गयो ।

शाह वंशको उदय पछि श्री ५ पृथ्वीनारायण शाहले प्रचलित सारा जात्रामा प्रोत्साहन दिनुका साथै आफ्नो जन्म संगैका वरदान र भविष्यवाणीका सम्वद्धवाला लामालाई धेरै खेत राखी दियो । नक्वाःको स्वयम्भू जिर्णोद्धार गर्दा

रोकिएको सम्यक दान समेत फेरि वाह्र वर्षमा एक पल्ट मनाउने योजना दिनु भएको उल्लेख छ । अठाह्रौं शताव्दी तिर राणा वंश शासनाधिकारमा आउनासाथ कानूनी रुपले वौद्ध दमनको प्रयास शुरु गर्न वौद्ध विरोधी वढ्यो । नत्र नया राजनैतिक सत्तामा आउनेहरुलाई धार्मिक र सामाजिक व्यवस्थासंगको मतलव के ? तर सौभाग्यको कुरा यता एशियाई जागरणमा वुद्ध धर्मले फेरि वल (शक्ति) दिने गरि सकेको छ । पुरातात्विक उत्खननको प्रारम्भ मा नै वुद्ध धर्म जागे झै गरी राष्ट्रिय गर्व उठाई सकेको नेपालमा पनि डा. फुहररले १८९५ इस.वी मा लुम्बिनीको अशोक स्तम्भ पत्ता लगाएको थियो भन्ने छ ।

प्रधान मन्त्री चन्द्र शम्शेरको आडमा अवौद्ध शक्तिले वौद्ध हिन्दु भएमा केही मतलव छैन, हिन्दु वौद्ध भयो भने अपराध घोषणा गराउनमा सफलता पायो । नेपालमा वुद्ध धर्मको प्रचारमा राजनैतिक रंग दिएर रोक लगाउन ब्राम्हणवादीहरु सक्रिय भए ।

नेपालमा वुद्ध धर्मको पुनर्जागरणमा महायान केरुंग तिव्वतवाट प्रवाहित (भएको) धर्मको देन भए झै स्थविर वादको पुनजागरण र पुनः स्थापनामा पनि श्रीलंका (महावोधि सोसाईटीको माध्यमवाट) र म्यानमारका भिक्षुहरुको देनवाट शुरु हुन्छ ।

चिकंम मुगल काठमाण्डौंका एक श्रेष्ठ कुलका नानीकाजी श्रेष्ठ पल्टेन शेर्व (महाप्रज्ञा) को रुपमा प्रव्रजित भयो । तर पल्टेन शेर्व सहित पाँच जना नेपाली युवकहरु घुलुङ भएको धेरै समय वित्न नपाउँदै उनिहरुलाई तत्कालीन कट्टरपुरोहित वादी ब्राम्हणहरुको चुकलीमा राणा सरकारवाट देश निकाला गरिए । यहाँवाट पल्टेन शेर्व (महाप्रज्ञा) घेलुं वुद्धको महापरिनिर्वाणस्थल कुशीनगर पुग्नु हुँदा पुनः स्थविरवादी श्रामणेर महाप्रज्ञा हुनु भयो । तिव्वतमा औषधी उपचार गर्न गएका इतुं वहालका वैद्य कुलमान सिंह वि.सं. १९८४ मा थीले छुल्यान (कर्मशील) नाउवाट घेलुं भए । वौद्ध तिर्थाटनका क्रममा कर्मशील कुशी नगर पुग्नु भयो र मदन्त उ. चन्द्रमणि महास्थविरको उपाध्यायत्वमा ने.सं. १०५० (१९३० इस्वी) मा स्थविरवादी नियम अनुसार श्रामणेर वन्नु (हुनु) भयो । अनि महाप्राज्ञाले नै उहाँलाई नेपाल उपत्यका जान रक्सौल सम्म पुर्‍याइ पनि दिनु भयो ।

श्रामणेर कर्मशील वीरगञ्ज भन्सारवाट राहदानी लिनु भई नेपाल प्रवेश गर्नु भयो । यसरी स्थविरवादको इतिहासमा नेपालमा स्थविरवादको पुनः जागरणको घटनामा पहिलो नेपाल प्रवेश गर्ने स्थविरवादी भिक्षु संघको प्रतिनिधिका रुपमा श्रामणेर कर्मशील संघ महानायक भिक्षु प्रज्ञानन्द महास्थविर हुनु भयो ।

धर्म प्रचार कै सिलसिलामा इस.वी १९३७ (वि.सं. १९९३ पौष) श्रामणेर महाप्रज्ञा श्रामणेर अमृतानन्द (इसवी १९३६) भोजपुर जेलमा थुनियो । स्वयम्भूको पर्वत सरस्वतस्थानमा भिक्षु अमृतानन्दवाट कार्तिक एक महिना विहान विहान धर्म देशना सम्पन्न भयो । हजारौं संख्यामा मानिस भेला भएका थिए । भिक्षु अनगारीकाका संख्या वढ्न थाल्यो । यसै क्रममा पाटनकी एक महिला अनगारिका वन्ने विचारले दार्जिलिङ्ग पुगेकी थिइन । उक्त महिलाको घरको एक मानिसको तर्फवाट सरकरमा उजुरी पर्‍यो । फलस्वरुप श्री ३ जुद्ध शम्शेरले काठमाण्डौंमा भएका सवै भिक्षुहरुलाई सिंहदरवारमा वोलाई मानिसहरु भेला गरी धर्मदेशना नगर्ने वुद्ध पूजा नगर्ने र भिक्षु अनगारिका नवनाउने आदेश दियो । भिक्षुहरुवाट वुद्धको धर्मोपदेश नगर्ने हुकुम भिक्षुहरुको धर्मपालन र उपदेश दिने आदर्शको अनुकूल नभएका कुरा व्यक्त गरिए । त्यसरी धर्म उपदेश नगर्ने हुकुम नमान्ने भएपछि सोही कुराको आधार वनाई भिक्षुहरुलाई देश वाट निकाला गर्ने हुकुम भयो ।

यसरी वुद्धको जन्म भूमि नेपालवाट नेपालकै स्थविरवादी भिक्षुहरु र श्रामणेरहरुलाई देश निकाला इसवी १९४४ (वि.सं. २००१) मा भएको थियो । निष्काशनमा परेका भिक्षु तथा श्रामणेरहरु निम्नानुसार छन् ।

(१) भिक्षु प्रज्ञानन्द महास्थविर (२) भिक्षु धर्मालोक महास्थविर (३) भिक्षु सुवोधानन्द महास्थविर
(४) भिक्षु प्रज्ञा रश्मि (५) श्रामणेर प्रज्ञारस (६) श्रामणेर रत्न ज्योति
(७) श्रामणेर अग्गधम्म (८) श्रामणेर कुमार काश्यम

त्यस वखत सारनाथमा वरिरहनु भएका भिक्षु अमृतानन्द महास्थविरको विशेष प्रयासवाट धर्मोदय सभाको

स्थापना भयो । यसको सचिव पदमा उहां नै चुनिनु भयो । धर्मोदय सभाको सचिवको धेरै प्रयास पछि इस्वी १९४६ को अप्रिल महिनामा भिक्षु नारद महास्थविरको नेतृत्वमा भिक्षु अमृतानन्द सहित ५ सदस्यीय श्रीलकाली शीष्टमण्डल नेपाल ल्याउन सफल भए । त्यस वेला श्री ३ पद्म शम्शेरको राज्य शासन चलेको थियो । भिक्षु अमृताननदवाट श्री ३ पदम शम्शेरसंग विशाल नगर दर्वारमा भेट हुंदा निष्कासित भिक्षुहरुलाई फर्काइ पाउँ भनी विन्ति चढाइयो । श्री ३ पद्म शम्शेरको जवाफ थियो म भर्खर प्राइमिनिष्टर भएको हुँ, जुद्ध शम्शेर अहिले सम्म छँदैछ । भिक्षु अमृतानन्दले फेरि अनुरोध गरे - 'त्यसो भए धर्मालोक' भन्ने एक वुद्ध भिक्षुलाई मात्र फर्काइ पाउँ भनि विन्ति गर्दा यसमा हुन्छ भन्ने हुकुम प्रमांगी भयो । अनि इंस्वी १९४६ जूनमा भिक्षु धर्मालोक नेपालमा फर्कनु भयो । उहांको - 'अमृतानन्दले निभिसकेको वत्तीलाई पुनः वालि दिनु भयो' भन्ने 'उदगार' थियो ।

त्यसपछि २००७ सालमा प्रजातन्त्र आएपछि (थेरवादी)वुद्ध धर्मको प्रचार प्रसारको निमित्त खुल्लापनको महशुस गरियो । खुल्ला रुपमा थेरवादी वुद्ध धर्म प्रचार गर्न सकिने भयो तर पञ्चायत आएपछि देशलाई हिन्दु अधिराज्य घोषणा गराइयो । अनि वुद्ध धर्मसंग पक्षपात पूर्ण व्यवहार गर्ने प्रशासक तथा शासक भए । २०४६ सालमा पुनः प्रजातन्त्र स्थापना पछि वुद्ध धर्मलाई केही खुल्ला वातावरण मिलेको छ । तर प्रतिवद्धता तथा निष्पक्षता देखिएन ।

(१) वुद्धको परिनिर्वाणको १०० वर्ष पछि पूर्व र पश्चिमका भिक्षुहरुमा मतभेद उत्पन्न भयो । पूर्वका विशेषत. वैशालीका भिक्षुहरु प्रगतिशिल थिए । तिनीहरुले वुद्धले आफ्नो अन्तिम समयमा भन्नु भए झैं वुद्धले वनाउनु भएको केही सानातिना नियमहरुमा परिवर्तन चाहे ।गाउँ गाउँ नगर नगर, चारिका गर्दै वुद्धको विचारधारा प्रचार गर्नु पर्ने हुनाले उनिहरुले दश मागहरु राखेका थिए, जुन पटक्कै अस्वाभाविक थिएन ।

ती मध्ये

ठ्याम्मै अपरान्ह (१२ वजे) भन्दा केही मिनेट सम्म (आफ्नो टाउकोको छायाँ खुट्टाले टेके भन्दा दुई अंगुल लामो भए सम्म) भोजन गर्नु हुने, नगण्य मात्रामा भिक्षुहरुले नुन वोक्न पाउनु पर्ने, थकाइको कारण एकै दिनमा अपरान्ह भित्रै दुई ठाउँमा भोजन गर्न पाउनु पर्ने, पैसा र सुन चाँदी छुन हुने आदि ।

तत्कालिन यी भिक्षु विनयका परिवर्तनहरु परम्परावादीहरुले रुचाएनन् र भिक्षु संघमा विद्रोह भयो ।

वरिष्ठ भिक्षु रेवतलाई परम्परावादीले सथ लिए र इ.पू. ३८३ मा कालाशोकको संरक्षणमा वृद्ध भिक्षुहरुले दोस्रो संगायना गरे । ७०० अर्हत भिक्षुहरु सहभागी थिए । ८ महिना सम्म संगायन भयो । मूल थेरवादी र सर्वास्तिवादीहरु मात्र भाषाको कारणले विभक्त भएका होइनन् । सर्वास्तिहरु मान्ये कि सबै कुराको अस्तित्व छ । (सर्व + अस्ति - सर्वास्ती) शरीर र मन सत्य हुन्, भूत, भविष्य, वर्तमान सबै सत्य हुन् । थेरवादीहरु वर्तमानको सत्तालाई मात्र सत्य मान्छन् ।

अर्हत सम्वन्धमा मतभेद छ । अर्हत व्यक्ति पुनः अर्हत वाट पतन हुन सक्छ भनी सर्वास्तिवादीहरु विश्वास गर्थे । थेरावादी मात्र वुद्धको विचार धारा लिएर हाम्रो अगाडी उपस्थित छ ।

(१) वुद्ध धर्मको विधि विधानलाई मानेर कतिपय जात जातिले सामाजिक व्यवहारमा प्रयोग गरेकाले तिनीहरुलाई वौद्ध भनिएको हो । त्यस कारण वुद्ध धर्म जातीय धर्मको रुपले जन जातिको आगमनको साथै यस धर्मको प्रवेश भएको हुन सक्ने अनुमान गरिन्छ । यहाँ आएका जात जातिहरु जस्ले आफूलाई जन्मजात वौद्ध भन्छन्, तिनीहरु मध्ये शाक्यहरु सवभन्दा पुराना आप्रवासी मानिन्छन् । तिनीहरु काठमाण्डौं, भक्तपुर र ललितपुरवाट आइ बसेकाले यहाँ वुद्ध धर्म काठमाण्डौं उपत्यकाबाट प्रवेश भएको मान्न सकिन्छ ।

(२) शाक्य समाज भन्नाले वुद्धाचार्य र वज्राचार्यहरु पनि आउँछन् । तिनीहरुको सामाजिक तथा धार्मिक दृष्टिकोणमा त्यति अन्तर छैन । वज्राचार्यले आफ्नो "आचाजू लुइगु" -आचार्य हुने( अभिषेक सम्पन्न गर्‍यो भने गुभाजू पुरोहित हुन सक्छ । तर गुभाजू हुन चाहनेहरु एकदमै छैन भने पनि हुन्छ । शाक्य समाजमा वज्रयानी परम्परा अनुसार कर्मकाण्ड चल्दै आएको पाइन्छ तापनि तिनीहरु धेरै जसोको झुकाव अहिले थेरवाद तिर बढ्दै

गएको देखिन्छ ।

(३) शाक्य समाजले बुद्ध धर्मको प्रचारको क्रममा मोहरिया टोलको दोवाटोमा वि.सं. १९७२ सालमा एउटा चैत्य बनाएको अद्यावधि मौजूद छ । पहिले त्यस चैत्यमा हरेक गुंला भरि नाम संगीति पाठ र पञ्चदान गर्ने गर्दै आएको छ ।

(४) धर्म संघ बुद्ध विहार मोहरिया टोलमा अवस्थित छ । त्यो बज्रयानी परम्पराको विहार हो ।

(५) उदास र ताम्राकारहरु पोखराका पुराना वासिन्दा मानिन्छन् । उनीहरुमा धेरै जसोले गुभाजू पुरोहित मानेर कर्म काण्ड गराउँदै आइरहेका छन् । पोखरामा थेरवादी बुद्ध धर्मको स्थापना विकासको लागि उनीहरुका भूमिका महत्वपूर्ण छ । पोखरामा प्रब्रजित भएका मध्ये अनगारिका धर्मशीला समेत ३ जना ताम्राकार परिवारवाट भएको र तीनै जना महिला भएको विशेष उल्लेखनीय छ ।

(६) पोखरामा वुद्ध धर्मको स्थापना, स्थायित्व, विकास र विस्तार गर्नमा धर्मशीला अनगारिकाको सर्वाधिक उल्लेखनीय योगदान छ । यहाँ बुद्ध धर्मको प्रवेशको ईतिहासमा उहाँको नाम् अविछिन्न रुपले गाँसिएको छ । धर्मशीला गूरुमाको धेरै शिष्यहरुमा ताम्राकार र उदासहरुवाहेक नेवारहरु नै बढी थिए जसमध्ये कायस्थ परिवारले करीव पाँच दशक पहिले धर्मशीला अनगारिकाको लागि आफ्नै जग्गामा विहार बनाई दान दिएर ऐतिहासिक काम गरेका छन् ।

(७) पोखरामा हालसम्म भएका जति विहार गुम्वाहरु छन् ती मधये सबभन्दा पुरानो थेरवादी परम्पराको एक मात्र विहार पो.न.पा. - ३ नदीपुर अवस्थित बुद्ध विहार हो । सो विहार वि.सं. १९९८ सालमा अनगारिका धर्मशीला कुशीनगर भारतवाट फर्केर आए पछि उहाँको लागि उहाँको मूख्य चेली तेर्सापट्टी निवासी धर्मनदीको आग्रहमा उहाँकी पिता बुद्धिलाल कायस्थले आफ्नै जग्गामा दुईतले विहार वनाई बुद्धको मूर्ति समेत यात्रा गरेर त्याई वहाँलाई दान दिएको कुरा त्यस ठाउँको धेरै जसो मानिसहरुलाई थाहा भएको कुरा हो । वहाँको धेरै जसो उपासिकामात्र थिए । वहाँले वुद्ध धर्म प्रचार प्रसार गर्ने क्रममा धेरै विघ्नवाधाहरुसंग सामना गर्नु परेको थियो । उहाँले बडो संयमतापूर्वक मैत्रीपूर्ण सद्भावनाले सबै वर्गलाई समेटेर वैशाख पूर्णिमाको महोत्सव मनाउने गर्नु भएको थियो ।

(८) वहाँको देहावसान पछि सो बुद्ध विहारको नाम २०४३ सालच चैत्र १३ गते देखि धर्मशीला बुद्ध विहार रहन गएको छ ।

(९) वुद्ध धर्मको प्रचास प्रचारको निमित्त सो विहारमा २०२२ सालमा गठित ज्ञानमाला संघ छ भने विहारको भित्रि रेखदेख र भिक्षुहरुको निमित्त चतुप्रत्यय व्यवस्थाको लागि २०४२ सालमा गठित दायक सभा छ र हालै युवा वौद्ध संघ पनि गठन गरिएको छ ।

(१०) २०२९ सालमा सबभन्दा पहिले बुद्ध धर्मको महान अनुष्ठान सार्वजनिक महापरित्राण, वौद्ध सम्मेलन गरेपछि बौद्ध गतिविधि वृद्धि हुँदै आइरहेको छ ।

(११) १५ वर्ष पछि वहाँको पुण्य स्मृतिमा २०४४ सालमा पुन महापरित्राण र बौद्ध सम्मेलन भै सकेको छ ।

(१२) हाल यस विहारमा भिक्षु २ जना र १ जना अनगारिका छन् जसमध्ये एकजना ब्राम्हण परिवारबाट प्रव्रजित भएका छन् भने एक जना कायस्थ परिवारवाट प्रव्रजित भएका छन् र एक जना अनगारिका ताम्राकार परिवारवाट प्रब्रजित भएकी छिन् । कायस्थ परिवारबाट प्रव्रजित भएकी सुधम्मा अनगारिका परलोक भई सकेकी छिन् ।

(१३) यही धर्मशीला वुद्ध विहारको सक्रियतामा आषाढ पूर्णिमाको उपलक्ष्यमा पोखरा उपत्यकाव्यापी बुद्ध पूजा अर्थात धर्मचक्र प्रवर्तन दिवस मनाउने परम्पराको थालनी पनि भएर चल्दै आएको छ ।

(१४) रत्नमान उदासले वि.सं. १९७० मा बनाएको चैत्य तेर्सा पट्टिमा स्थित छ । त्यसमा गुभाजू द्वारा होम गर्ने गरिन्छ ।

(१५) रत्नमा उदासको परिवारद्वारा बनाइएको नारायणस्थान स्थित चैत्यको जिर्णोदार गरिएको हाल त्यसको नाम मैत्री चैत्य राखिएको छ ।

(१६) यसरी पोखरामा दिपरदिन वौद्ध विहार स्तूप र गोम्वाहरु बढ्दै जाने क्रमको थालनी भै सकेको छ । यसरी भौतिक रुपमा अगाडि बढी रहेको संगठनात्मक प्रयासहरुका साथै परियत्ति शिक्षा अध्ययन मनन गरेर प्रतिपत्ति अभ्यास गर्ने प्रवृत्ति वढाउदै लान सकेको खण्डमा साँचो अर्थमा बौद्ध बन्न सघाउने थियो होला ।

वर्तमान नेपालमा मंगोलजातका जनजातिहरु धेरै जसो, शाक्य, वज्राचार्य, ताम्राकार, तुलाधर, उदास, मानन्धर, महर्जन, रन्जित्कार, चित्रकार, गुरुङ, शेर्पा, थकाली, तामाङ्ग, मगर, नेपाली, वि.क., आदिले आफूलाई बौद्ध भन्न मन पराई रहेछन्। कोही आफूलाई जन्मजात बौद्ध भन्छन्। साँच्चै नै भ्रममा नपरीकन निष्पक्ष रुपमा गणना गर्नेहो भने बौद्धको संख्या बढी नै हुन सक्छ। अहिले जनजातिहरुको बुद्ध धर्म प्रति आकर्षण देख्दा बढी प्रतिशत जन संख्या हुने देखिन्छ। गत जनगणनामा बौद्ध जम्मा ७ % देखाइएको थियो। अहिले हाल साल लिइएको जनगणनामा १०.७४ प्रतिशत देखाईएको छ। यो संख्या हेर्दा बौद्धहरु धेरै भ्रममै परेको देखिन्छ। बौद्धहरुमा अझै चेतना र जागरण ल्याउन धेरै प्रयास गर्नु पर्नेछ।

धेरै जनजातिहरुले आफूले बुद्ध धर्म स्विकार गरी वौद्ध भएको दावी गरेको सुन्न पाउँदा वडो हर्ष लाग्नु स्वाभाविक हो। बाटो भुलेकोले मिथ्या धारणा त्यागी सम्यक दृष्टिग्रहण गर्नु राम्रै कुरा हो। त्यस्तै सम्यक दृष्टि ग्रहण गर्ने व्यक्तिहरु सुखी नै हुन्छन्। भगवान बुद्धले कुनै खास जाति विशेषलाई जोड दिनु भएको छैन। त्यसैले जुन सुकै जाति वा सम्प्रदायको व्यक्ति जो उहाँले वताउनु भएको मार्ग अनुसार आचरण गर्दछ, उनै बौद्ध हुन्छन्।

भगवान बुद्धले गृहस्थ जीवन सुखमय, मंगलमय वनाउन र सामाजिक जीवन सुव्यवस्थित वनाउन आफूले प्राप्त गर्नु भएको मौलिक शिक्षा देशना गर्नु भएको थियो। हाम्रा नेपालका धेरै बौद्ध धर्मावलम्वीहरु भगवान गौतम बुद्धलाई नीकै आदर गौरव सम्मान गर्दछन्। वौद्ध धर्मावलम्वीहरुमा नीकै जागरण आएको देखिन्छ। तिनीहरु आफूलाई बौद्ध भन्न पाउँदा गौरवान्वीत हुन्छन्। त्यस्तै पोखरामा पनि धेरै वौद्ध धर्मावलम्वी छन्। उनिहरु बौद्ध हौं भनी सभा सम्मेलनमा प्रस्तुत भइ देखाउन पाउँदा खुशी हुन्छन्। तर बौद्ध हुनु भनेको बुद्धले दिनु भएको शिक्षालाई धारण गरी आचरण गर्नु हो। रुढी परम्पारलाई त्याग्नु हो। बौद्ध धर्मावलम्वीहरुका आर्थिक स्थिति त राम्रै छ, तर शुद्ध वौध हुन सकेका छौं, छैनौं आफै सोच्नु आवश्यक छ। शुद्ध बौद्ध उपासक हुनका निमित्त निम्न लिखित नियम (शिक्षा) पालना गर्नु र आचरण गर्नु आवश्यक छ।

(१) त्रिशरणमा विश्वास - उपासकहरु, बुद्ध, धर्म र संघ तीनका शरण जानु पर्छ।

(२) शीलपालन - पञ्च शील अखण्ड रुपले पालन गर्नु पर्दछ।

(३) श्रद्धा - भगवान बुद्ध प्रति सर्वश्रेष्ठ गुरु र पथ प्रदर्शक एवं सम्यक सम्बुद्ध मानेर दृढ श्रद्धा राख्नु पर्छ।

(४) त्याग - उहाँमा कृपणता त्यागेर उदारतापूर्वक धर्मकार्यमा धन खर्च गर्नु पर्छ। याचकहरुलाई दान दिन सदा उत्सुक रहनु पर्छ।

(५) प्रज्ञा - उसले आफ्नो बुद्धिले विचार गर्नु पर्छ र वस्तुका उत्पत्ति र विनाशको रहस्य तथा दुःखवाट मुक्त हुने उपायहरु जान्ने प्रयत्न गर्नु पर्छ।

(६) सुत्त (सूत्र) उसले धार्मिक प्रवचनहरु ध्यान पूर्वक सुन्ने गर्नु पर्छ र उपदेशहरुमा मनन गर्नु पर्छ। उपर्युक्त शिक्षा आचरण गरी शुद्ध बौद्ध हुन सकियोस, मंगल होस्।


नेपालका राष्ट्रिय विभूति तथा विश्व शान्तिका अग्रदूत भगवान बुद्धको

२५४६औं बुद्ध जयन्तीको पूनीत अवसरमा सबैको

कल्याण र मङ्गल कामना गर्दछु।



सुरेन्द्रराज रेग्मी
यति मनिचेञ्चर
पोखरा-६, वैदाम

# नेपालका राष्ट्रिय विभूति

# तथा

## विश्व शान्तिका अग्रदूत भगवान बुद्धको

## २५४६औं बुद्ध जयन्तीको पूनीत अवसरमा

# सबैको कल्याण र मङ्गल

## कामना गर्दछौं ।



**पुष्कर मान बुद्धाचार्य**
मोहरियाटोल, कास्की, पोखरा
मोबाईल :- ९८६०-२०१३१

**बुद्धाचार्य गहना गृह**
(सुन चाँदी दुकान)
फोन: ०६१-२३९२१, २०७३१


Wondershare PDFelement

# सुखको बाटो

☐ भिक्षु सुशील

सुखको बाटो, यस सम्बन्धमा केही चर्चा गरौं । सबैले बुझेको कुरो हो, सुखको आकर्षणले सबैलाई लठ्याइएको छ । सुखको वास्तविक अर्थ बुझेर होस् अथवा आडम्वरले मात्रै किन नहोस् सबै सुख कै चाहना गरिरहेका हुन्छन् । ज्ञानको अभाव भएका हुन अथवा ज्ञानको खोजमा क्रियाशील व्यक्ति नै किन नहुन् सुखको आकांक्षा सबैमा हुने गर्दछ । साँचो अर्थमा कस्तो अवस्थालाई सुख भनीने हो वुझ्ने प्रयास गर्न उत्साह नजगाइकनै पनि सुखको चाहना मानिस गरिरहेका हुन्छन् । सुखको आवश्यकता त्यही समय हुने गर्दछ जव मानिसको मनले दुःख अनुभव गरेको हुन्छ । दुःख, विना कुनै कारण आकाशवाट टुप्लुक्क झर्ने विषय होइन । दुःख हुनका लागि केही न केही कारणको उपस्थिति अनिवार्य हुन्छ । विना कुनै कारण दुःख त्यसै आउँदैन । दुःख आएको कारण पहिल्याउन नसकिएको अवस्थामा सुख प्रतिको आकर्षण बलियो हुने गर्दछ ।

समाज भित्र देखापर्ने द्वन्दहरुकै माझमा वुढापाकाहरु र तन्नेरी युवाहरुका बीच चेतनाको भिन्नता देख्न पाइन्छ । बुढापाकाहरु अतितको कल्पनामा डुवेर वर्तमान ज्यादै विभत्स ज्यादै अभ्रद्र भएको ठहऱ्याइरहेका हुन्छन् । यस विपरीत युवाहरु अतितको आलोचना गर्दै त्यसको कमजोरी केलाएर वर्तमान गतिरोध अवस्थामा पुगेको दोष अतितको त्रुटिहरुलाई दिइरहेका हुन्छन् । ती दुवै खालका विचारले के कुरालाई इंगित गरिरहेका हुन्छन् भने तिनीहरु (युवा-वृद्ध) दुवैले अनुभव गरिरहेको क्षण सुखद् छैन । तिनीहरु सुख कै चाहाना गरिरहेका छन् । तर सुखलाई आफु नजिक ल्याउन उनीहरु सकिरहेका छैनन् । यसैले आफु दुःखी भएर एकले अर्कोको थाप्लोमा भारी विसाउन आतूर भैरहेका छन् ।

मानिसहरु दुःखी हुनु कुनै नौलो कुरा हुँदै होइन, न त यो आश्चर्यको कुरा नै हो । मानिसहरु दुःखी भैरहेको हुनाले नै सुखको चाहना गर्दै सुखकै लागि अनेकौं उपाय गरिरहनेहुन् । एकले अर्कोलाई दोष दिनु, अहंभाव देखाउनु, तुष्टिका लागि छलकपट, ढोंग-आडम्वर गर्नु यी सबै सुखको चाहनाले गर्दा गरिने व्यवहार हुन् । यस्ता व्यवहार सुखको आकांक्षाले नै गर्ने भएता पनि चाहाना गर्दैमा पाउन सकिने कुरा होइन सुख । त यसलाई पाउन के गर्ने ? हाम्रो सामु दह्रोसँग उभिरहेको प्रश्न हो यो ।

यता, आजकाल हाम्रो समयमा जुन कुनैको आलोचना गर्न मानिसहरुको रुचि बढ्न थालेको देखा पर्दैछ । बुढा पाकाहरुले गर्ने आलोचना र तन्नेरी युवाहरुले गर्ने आलोचना समरुपको छैन । बुढा पाकाहरु ज्यादै सशंकित भएर गम्भिर चिन्तन गर्ने रुचि जगाउन चाहन्छन् । तन्नेरी युवाहरु वर्तमान विश्वको द्रूततम चालमा आफू पनि प्रवाहित हुन रुचि देखाइरहेका हुन्छन् । बुढा पाकाहरु अतितसंग वर्तमानको तुलना गरी हेर्ने स्वभावका छन् भने युवाहरु वेलगामको घोडा झै द्रूत गतिमा बढ्न अतितका सारा नियन्त्रणबाट फुक्का भै उन्मुक्त जीवन खोजी रहेका छन् । यसैले वुढापाकाहरु प्रति असहमत भएर उहिलेको कुरा खुइलिसकेको ठान्दै हरेक कुराको नौलो व्याख्या गरी संशोधन गर्न आतुर भैरहेका छन् ।

गम्भिर चिन्तर र द्रूत प्रवाहका बीच मेल हुन कठिन भए झै वुढापाका र तन्नेरीहरुका इच्छा, चाहना एवं आकांक्षाका बीच मेल हुन कठीन भैरहेको हो । यस अवस्थालाई अलिकति नयाँ सोचले हेर्ने पद्धतिको विकास हामीले गर्न सकेमा ती दुवैलाई समेट्न गाह्रो हुने छैन । जसरी गम्भिर चिन्तन र द्रुततर चालको आ-आफ्नो महत्व हुने गर्दछ सोहि अनुरुप अतीतको अनुभव र वर्तमान प्रतिको सजगतालाई सामञ्जस्य गर्न सकेको अवस्थामा सुखको वास्तविक अर्थसम्म पुग्न जो कोही समर्थ हुन सक्नेछ । यो मार्गले अलिकति त्याग, अलिकति धैर्य र अलिकति जाँगरको माग गर्ने कुरालाई भने विर्सन हुन्न । तर हाम्रो वर्तमान लगानी गर्न नरुचाउने, फलको चाहना मात्र गर्न खोज्ने रकमी व्यवहार गरिरहेको पाउँदा केही सोच्न विवश तुल्याउँदछ । के हामी यी दुईका बीचको समस्या पहिल्याउन समर्थ हुन सकौला ? समस्या पहिल्याउने काम नगरिकन हामीले सुखको स्वास लिन पाउने छैनौं । यस्तो अवस्थामा परिश्रमबाट भाग्न खोज्नेहरु आँखा चिम्म गरि कल्पनामा हराउने गर्छन् ।

यस्तो स्वभाव हामीले इन्कार गर्दैमा हट्ने छैन । यो अवस्थालाई हटाउने उपाय प्रथमत आफ्नो अवस्था बारे सहि जानकारी प्राप्त गर्नु हो । मानिसको बास्तविकता भनेको मानसिक अवस्थाको खेल मात्र हो र यो कामना र धारणाद्वारा संचालित भैरहेका हुन्छन् । कुनै न कुनै प्रकारको कामना अथवा धारणामा अल्फेर नै 'यो वा त्यो' भनाइ - विचार -चिन्तनको पछि लागि रहने हो । आफुद्वारा पछ्याइरहेको धारणा अथवा अंगालिरहेको कुनै विचारलाई मानिस हत्पत्ति त्याग गर्न रुचाउदैन । आफ्नो धारणा जस्तोसुकै भएतापनि मानिसलाई प्यारो हुने गर्दछ । माया गरी पछि लागेर जब शून्य प्रतिफल भोग्नुपर्ने अवस्थामा पुग्नेछ तब मानसिक स्थिति खल्बलिन गै अशान्त मनःस्थिति उत्पन्न हुन्छ । मानसिक अशान्तिको अवस्था निश्चय नै दुःखद् हुन्छ । दुःखद् स्थितिले सुख प्रतिको आकर्षण अझ तिव्रसंग जगाउछ ।

धारणा एवं कामनाको उक्साहटमा नै मानिसको जीवन क्रियाशील भैरहेका हुन्छन् । सुखको कामनाले मूर्त रुप लिन नसक्दा सुख केवल सपनाको कुरा हो, जुन कल्पनामा मात्र प्राप्त गर्न सम्भव हुन्छ, यथार्थमा दुःखै मात्र छ भन्ने निष्कर्षमा पुऱ्याउनेछ । तब पुनः कुनै न कुने धारणा बनाई कामनाको जालोबाट बाहिर निस्कनै नसकिने गरी अल्फन पुग्नेछ । सुखको चाहना संगसंगै सुख कस्तो अवस्थालाई भनिने हो, सो अवस्था निर्माणमा कुन कुन तत्वको भूमिका रहने गर्दछ, के कस्तो अवस्थाले सो स्थिति सम्म पुग्न बाधा पुऱ्याइ रहेको छ त्यस सम्बन्धमा खुलस्त बुझ्नु सुखको बाटो पहिल्याउन सक्नु हो ।

एक त सुख शब्दको बनौट नै सुखद् अनुभूति दिने स्वभावको छ, अर्को सुखको आकर्षण व्यापक छ । आकर्षणमा अल्झनु मानिसको स्वाभाविक कमजोरी हो । मानिस आफु कमजोर भएर नै सांस्कृतिक-आर्थिक-वैचारिक-धार्मिक भिन्न भिन्न विषयलाई माध्यम वनाई मानसिक उत्तेजता जगाएर प्रलोभनको पासोमा अल्झि रहने हो । पासो जुनकुनै किन नहोऊन् त्यसैले अल्झाउने काम नै गर्दछ । अल्झनमा फँसेर छटपटाइरहेको मनमा कति पनि शान्ति हुने छैन र त एकले अर्कोलाई पराजित गर्न थरी थरीका उपायहरु गरिरहने गर्दछ । विजय हुँदा क्षणिकको दम्भमा रमाइ अहं प्रदर्शन गर्दै रमाउने, पराजयको मुख देख्नु पर्दा मन भित्र-भित्र डरलाग्दो अग्नी प्रज्वलित गर्दै सोबाट पीडित हुनु मानिसको स्वभावै हो । यस्तो हुनुमा सम्बन्धित अवस्था मात्र जिम्मेवार हुने होइन आफू स्वयं पनि गम्भिर रुपमा जिम्मेवार भएको हुन्छ ।

निष्कर्षमा हामीं यो भन्न सक्छौं कि प्रथमतः परिस्थिति जे जस्तो हो विना कुनै आग्रह बुझौं । परिस्थितिको वास्तविकता बुझिसक्दा सो हुनुमा के कस्ता वाह्यऱ्आन्तरिक अवस्था जिम्मेवार छ पहिल्याऔं । जिम्मेवार अवस्था पहिल्याई निराकरणका उपाय खोजौं । अनि इमान्दारिताकासाथ उचित व्यवहार गर्न अग्रसर होऔं । यी चरणहरुलाई आफ्नो दैनिक जीवनमा इमान्दारिताकासाथ उतार्ने व्यक्ति कहिल्यै आकांक्षामा अल्झेर कल्पनाको भुंमरीमा भौतारिनु पर्ने छैन । आकांक्षा गर्नु तर त्यसलाई पुरा गर्न क्रियाशील नहुनु भन्दा आकांक्ष नै नगर्नु बेश हो तापनि मानिस सुखको आकांक्षा गरिरहेका नै हुन्छन् ।❖❖❖


२५४६औं बुद्ध जयन्तीको उपलक्ष्यमा सम्पूर्ण नेपालीहरुको सुख, शान्तिको लागि हार्दिक शुभकामना ।

प्रो. नविन मान बज्राचार्य
स्वर्णिम ज्वेलर्स
सन्तमान एण्ड सन्स
मोहरियाटोल फोन : २३३३८



नेपालका राष्ट्रिय विभूति तथा

विश्व शान्तिका अग्रदूत

भगवान बुद्धको २५४६औं

बुद्ध जयन्तीको पूनीत अवसरमा सबैको

कल्याण र मङ्गल कामना गर्दछु।

अशोकमान बुद्धाचार्य

**त्रिरत्न अटोमोवाइल्स**

पृथ्वीचोक, पोखरा, फोन : २०५६३

---

अहिंसाका पुजारी तथा विश्व शान्तिका आग्रदूत

**शाक्यमुनि बुद्धको २५४६ औं जन्मजयन्तीको पावन अवसरमा**

सबैमा सद्‌वुद्धि आओस, देशवाट हत्या, हिंसा, आतंक,

लुटपाटको अन्तहोस्।

यही हाम्रो देशवासी शुभचिन्तकहरूमा हार्दिक शुभकामना ।

शेखरमान बुद्धाचार्य

**बुद्धाचार्य डिष्ट्रिब्यूटर्स**

मोहरियाटोल, पोखरा

फोन : २११६८

Wondershare PDFelement

**A Complete House**
**For Computer & Office Automation Products**

**Remember us for**
**Branded and Locally Assembled Computers, Printers, UPS, Scanners, Photocopiers, FAX Machines, Projectors, EPABX, Generators, Telephone sets & All related Consumables**

**Our Sister Concerns**

NIIT Pokhara Centre
Fewa Net Pvt. Ltd.
Himalayan Support and Maintenance

**Himalayan Trading House**
Mahendrapool
Tel: 061-21756, Fax: 061-30033, Email: salespkr@mos.com.np

हत्या, हिंसा, प्रतिहिंसा फैलिएको
यस घडीमा हामी बुद्ध शिक्षा स्मरण गरी
शान्ति, मैत्री र करूणाको मार्गमा लाग्न
आजको दिनले सबैलाई प्रेरित गरोस
यही हाम्रो शुभकामना ।

गर्भ कुमार गुभाजू
मोहरिया टोल, पोखरा
फोन : २०६८२

Wondershare PDFelement

# अनेक धर्मको बीचमा बुद्धत्व

□ व.आ.कनकद्वीप

विश्वमा ३००० किसिमका धर्महरु थिए । त्यसमध्ये आज दश धर्मको नाम सुनिन्छ । तर, बुद्धको मानव सिद्धान्तलाई पनि धर्म नै मानेको खण्डमा त्यो धर्म अथवा बुद्धत्वको महासंवोधी ज्ञान मानव मात्रको कल्याणको लागि अत्युत्तम सिद्ध हुन्छ। बुद्ध भन्छन् - "जसले मेरो सिद्धान्त - दुःख, अनित्य र अनात्म बुझ्दछ, त्यो नै संसारको सबैभन्दा उत्तम व्यक्ति हुनेछ ।"

हिन्दू दर्शनको सबैभन्दा नजिक आएर बुद्धले भनेका छन् - हामी (प्राणीहरु) नै यस संसारको उत्पत्ति, स्थिति र प्रलयका कारण हौं ।

विज्ञानको प्राकृतिकताले पनि त्यस्तै भन्छ ।

अर्थात्, हामी कुनै इश्वरको सृष्टि होइनौं । ईश्वर हाम्रो सृष्टिको कल्पना हो ।

बुद्धले यस संसारको परमार्थ-सत्यलाई बुझ्न सक्ने मानिसहरुको खोजी गरेका थिए । संवृत्ति सत्यको कुरो त धेरै धर्महरुले व्याख्या गरेका छन् । उदाहरणको निमित्त भनौं :

"युद्धले दुवैका हार हुँन्छ ।" बुद्धको भनाई यी हुन् । इशाईहरुले, यहुदीहरुले, हिन्दूहरुले, इस्लामहरुले युद्ध र क्रोधको कारणले हुन जाने कुरोको मात्रै व्याख्यान गर्छन् जुन पर्याप्त छैन ।

स्मरण रहोस्, हिन्दूको ऋग्वेद, उपनिषद र भगवद्‌गीता, यहुदीको ओल्ड टेष्टामेण्ट र अमाकुफा, इस्लामको कुरान इत्यादीले बुद्धकै भनाईलाई सारेका हुन् । त्यो हो "जसले धर्म (कर्तव्याकर्तव्य) को पालना गर्छ, त्यसको मनमा शान्ति हुन्छ । उ समृद्ध हुन्छ र जीवन सार्थक तुल्याइ रहेको हुन्छ ।

इशाईहरु देउता मान्छन् र उनीहरुको भनाई अनुसार इशाई त्यो हो जसले ईश्वरको पालना गर्दछ । बौद्धमत अनुसार असल कुराको अनुसरण ईश्वर हो । हिन्दू धर्म अनुसार धर्मको अनुसरण गर्ने मानिस स्वर्गलोकमा पुग्लछ । यहुदी ईश्वरका आदेशलाई न्यायपूर्ण मान्दछन् । इस्लामले ईश्वरलाई अवज्ञा गर्नेहरु दूर्गतिमा जाकिन्छन् भन्ने विश्वास गर्छन् ।

यी सबै नैतिक वा धार्मिक अनुसरणका कुरा हुन् ।

बुद्ध धर्मको अमृत-वचन (बुद्ध वचन) जुन सुकै धर्मको लागि पनि पर्याप्त छ ।

बुद्ध धर्मका अनुसार असल तथा बुद्धिमान मानिसले आउने जीवनमा पनि सुख प्राप्त गर्न सक्छन् । अर्थात् उनीहरु दुखित भएर बाच्नु पर्दैन । यो अमरता हो । इशाईहरु यसै कुरोलाई साहित्यिक भाषामा असल मानिसको लागि इश्वरले मृत्यु पछि स्वर्गमा घर बनाइ दिएर राख्छन् भनेका हुन् ।

हिन्दूहरुले एक पाइला अगाडि सरेर नयाँ र सुन्दर जीवनको लागि आत्माले सुरक्षा दिन्छ भनेका हुन् - "आत्मार्थ पृथ्वी त्यजेत् ।"

जैनहरु परलोकमा पनि जीवन हुन्छ भन्छन् ।

बुद्ध धर्मका मानिसहरु अनिच्चावत संखारा (यो संसार अनित्य हो) भन्ने कुरामै पर्याप्त भएको कुरो टुंगो लगाउँछन् ।

आस्था धेरै मानिसको धेरै किसिमा Topsy turvy हुन् । यस्तो, उस्तो गर्नुपर्ने मान्नुपर्ने कुराहरु छन् ।

सद्‌गुणी जीवनको निमित्त समृद्ध आस्था हुनु पर्छ । इशाईहरु यसै आस्था भन्ने पर्यायलाई कर्ममा वदल्न चाहन्छन् । राम्रो तर्क हो । राम्रो आस्थाले मानिस जागृत बन्छन् । हिन्दू धर्मले पनि प्रज्ञाको मार्ग आस्था नै भनेका हुन् । यहुदीहरुले त स्वयं ईश्वरलाई नै आस्थावान व्यक्तित्व मानेका छन् ।

इस्लामको निरन्तर नारा "ईश्वर प्रति आस्थावान हुनु नै हो ।"

कर्तव्य बोध गराउने उत्कृष्ट मानवतावादी सिद्धान्त बुद्ध धर्म हो । यस धर्मले कर्तव्य प्रति निष्ठावान हुन सिकाउँछ । यी शरण गमनको उपदेश र पंचशिलहरु कर्तव्यकै कुरा हुन ।

इशाईहरुले भने कर्तव्य भन्ने कुरोलाई इश्वरको इच्छासंग दाजेका छन् । इश्वरी इच्छाको उल्लंघन गर्नु हुन्न । हिन्दूहरु "कर्तव्य पुरा गरेर मात्र मानिसलाई सम्पूर्णता प्राप्त हुन्छ" भन्छन् ।

प्राचीन जापानको शिन्टो धर्मले "कर्तव्यको मार्ग टाढा छैन" भन्ने कुरोको विश्वास गर्छन् । शिण्टोलाई चीनको धर्मले यो कुरो सिकाएको थियो । वोधि धर्म पुरानो भाषामा बुद्ध धर्म हुन् ।

कर्म प्रधान धर्म भनेपछि बुद्ध धर्मलाई सम्झनु पर्छ । मानिस ठूलो वा सानो हुनु भनेको उसैको कर्म फलको परिणाम हो ।

यस कुरालाई यहुदी धर्मले राम्ररी प्रष्ट्याएको छ ।

मानिसको मूल्यांकन उसको कामहरुको आधारमा हुन्छ । बुद्ध धर्ममा काम-कर्तव्य भने पछि धर्मकै पर्यायलाई सम्झे हुन्छ । जतिसुकै सानोकाम भए पनि राम्ररी टुंगो लाग्ने गरिकन सिध्याऊ । काम भनेको निष्ठाका साथ गर्नुपर्छ ।

जैन धर्मले "धर्म कार्य गऱ्यो भने हामी असल जीवनको लक्षमा पुग्न सक्छौं" भनेर जोड दिन्छन् ।

वुद्ध धर्मले सुकर्म मात्रै गर कुकर्म नगर भन्छन् । "ताओ धर्मले लुकेर कुकर्म गर्ने मानिसलाई ईश्वरले सजायँ दिन छाड्दैनन्" भन्ने गर्छ ।

शिन्तो धर्मले "दुष्टता न हेर, न सुन र न बोल" भनेका छन् । अमेरिकी कानूनको नैतिक परिभाषामा पनि शिन्टो कै अनुसरण छ ।

बुद्धले द्वेष नै क्रोधको कारण हो । इर्ष्या द्वेषबाट टाढा रहन सक्नु, विष/विषादीबाट बच्न हो भन्छन् । जैन धर्मले "अंज्ञानीहरुले मात्रैक्रोध गर्छन्" भनेका हुन् । जुन कुरोलाई इस्लामले अति सुन्दर परिभाषा दिएका छन् ।

बलियो मानिस पहलवान होइन । त्यो बलियो मानिसले रिसमाथि लगाम कस्छ भने मात्रै त्यो पहलमान वन्न सक्छ । पारसी धर्मले रिस थाम्न नसक्ने मानिस मानिस नै हुन सक्तैन भन्छ ।

वुद्धले भनेका छन्, "दुरुह (सहनै नसक्ने) भएता पनि क्षमादानको महत्व ठूलो छ । तिम्रो दुःखको कारण जे सुकै भएता पनि अरुलाई दुःख न देऊ । बरु क्षमा गर ।

चीनको कन्फ्युसियसले आफ्नो मन्तव्य प्रकट गरेको छन् । नजानेर कसैले गल्ति गऱ्यो भने उसलाई माफी देऊ । क्षमा पनि यौटा मानविय धर्म हो ।

शिण्टोहरु भन्ने गर्छन् - "अरुलाई क्षमा गर !" तर, आफूलाई आफैले क्षमा गर्नुको कुनै औचित्य छैन ।

घर भन्ने वारेमा बुद्धको मतले भन्छ - "आपसी सद्भावना, विश्वास र श्रद्धाको ठाउँ घर हो । जहाँ पवित्रताले वास गर्छ । षडयन्त्र र विश्वास हुँदैन । यसै कुरालाई इशाइहरुले -

"घर, घर त्यो मीठो ठाउँ हो ।  
जुन ठाउँ अरु कहीं हुँदैन ।"

भनेका छन् । मीठो, अर्थात् बसिरहुँ जस्तो लाग्ने ठाउँ त्यो हुन्छ जहाँबाट मानिस निर्वासित हुन चाहँदैनन् । बुद्ध धर्म नै त्यो धर्म हो जसले घृणालाई जरैदेखि उखेल्ने सल्लाह दिन्छ ।

"घृणालाई आफूसंग पालेर वस्ने मानिस  
उ आफू भन्दा बाहिर हुन्छ ।"

इस्लामीहरुको एउटा भनाई छ - दुई व्यक्ति भेट हुँदा ती दुई मध्ये असल मानिस त्यो हो, जसले सबभन्दा पहिले अर्कोलाई अभिवादन गर्छ ।"

बुद्ध धर्ममा दान "पारमिता" भन्ने सिद्धान्त छ ।

"दानं विभुषणम् लोके" दान दिनु लोकमा विभूषित हुनु नै हो । दानको उदारता भनेको आफ्नो वचत नै हो । दानले दूर्गति निवारण गर्ने गर्छ । प्राचीत हिन्दू धर्म शास्त्रले "दान भनेको मित्र प्राप्ती र सुरक्षाको साधन हो" भनेका छन् ।

कोरानमा इस्लामीहरु "ईश्वर मानिस प्रति उदार भए झैं मानिस मानिस प्रति उदार हुनु पर्छ" भन्ने गर्छन् । बुद्ध धर्मको परिभाषामा "प्रज्ञा, शून्यता, ज्ञान र सचेतता मानिसको धन सम्पत्ति हो" भनेको छन् ।

बुद्ध धर्मको परिभाषामा "प्रज्ञा, सून्यता ज्ञान र सचेतता मानिसको धन सम्पत्ति हो ।" भनेका छन् ।

पारसी धर्मका अनुसार धन सम्पत्तिको प्रयोग ईश्वरको सेवामा गर्नुपर्छ । किन भने धर्म ईश्वरकै निगाहबाट मात्रै प्राप्त हुन्छ ।

सिख धर्म अनुसार "गलत तरिकाले कमाएको धन व्यर्थ हो ।"

ध्यान (जापानी भाषामा जेन) ले आध्यात्मिक सम्पत्ति कमाउन सकिन्छ भन्ने भनाई बुद्धको हो ।

हिन्दू धर्म अनुसार जो ध्यान गर्दैनन् उसँग न शान्ति हुन्छ न त धैर्य नै ।"

ताओ धर्मको परिभाषा अनुसार - मन स्थिर राख्न सक्यो भने मात्र मानिसले सफलता हासिल गर्छ ।

बुद्ध धर्मले निष्ठालाई सद्‌गुण मानेको छ । जो निष्ठावान छ उसको जीवन सफल हुन्छ ।

यहुदी धर्मको परिभाषा अनुसार निष्ठावान व्यक्तिलाई ईश्वरले सधैं सहयोग गर्छन् । ईश्वरलाई वाह्य आडम्वर ले छल्न सकिदैन ।

शिण्टो धर्म अनुसार निष्ठा मनुष्य र ईश्वरको प्रत्यक्ष सम्वन्ध हुने कुरो हो ।

अन्तमा वुद्ध धर्मको सार जसरी आफूलाई हानी हुनबाट मानिसले बच्ने कोशिस गर्छ, त्यसरी नै अरुलाई आफूले हानी नगर्ने हुनु पर्छ । ❖❖❖


**शाक्यमुनि सिद्धार्थ गौतम बुद्धको**

**जन्म, बुद्धत्व प्राप्ति र महापरिनिर्वाणको महत्वपूर्ण संयोग**

**परेको दिन वैशाख पूर्णिमाको उपलक्ष्यमा**

**सबैमा शान्ति, मैत्री र कल्याणको मंगलमय शुभकामना टक्र्याउछौं ।**

**स्वर्ण आभूषण**

सिंहनाथ टोल

फोन : २२३२५





Wondershare PDFelement

# गीत

□ प्रकट पगेनी 'शिव'

मनमा हुरी बतास चल्दा सबैतिर युद्ध चल्छ
त्यही मन सङ्ल्यो भने आत्माभित्र बुद्ध बल्छ ।

कोही हिँड्छन शान्ति भेट्न मन्दिर विहार खोज्दै वाटो
कोही ढोग्छन् विश्वासले शान्ति पाउन देशको माटो
जस्ले खोजी पहिल्याउँछ आफूलाई आफैभित्र
मनमा बल्छ शान्तिदीप ज्योति छर्दै यत्रतत्र

मनको फाँटमा शान्ति रोपे विचारमा शान्ति फल्छ
त्यही शान्ति हुर्की बढे आत्मा भित्र बुद्ध बल्छ ।

आत्मा सबको यौटै नै हो पशु मान्छे बराबरी
सुख दुःख जीवन उस्तै रुप मात्रै थरिथरी
आफूलाई बाँडी हेरे जीवन जगत एउटै हुन्छ
यस्तै सोचाई यस्तै हेराइभित्र मान्छे मोक्ष हुन्छ ।

जति जति तिर्खा बढ्छ त्यति त्यति जीवन गल्छ
आफैलाई प्राप्ती सम्झे आत्माभित्र बुद्ध बल्छ ।


हत्या, हिंसा, प्रतिहिंसा फैलिएको
यस घडीमा हामी बुद्ध शिक्षा स्मरण गरी
शान्ति, मैत्री र करूणाको मार्गमा लागन
आजकोदिनलेसबैलाईप्रेरितगरोस
यही हाम्रो शुभकामना ।

ज्ञानमाला संघ
धर्मशिला बुद्ध विहार
नदीपुर, पाखरा


Wondershare PDFelement

# वर्तमान परिवेशमा भगवान बुद्धका उपदेशहरु

□ भूपनिधि पन्त

वर्तमान समय हाम्रो देशको अवस्था वर्षौं अघिदेखि अनवतर रुपमा युद्ध गर्दै आएको इजरायल र प्यालेस्टाइनको जस्तो भएको छ। ती देशहरु त आफ्नो अस्तित्व र अहम् प्रश्नको निम्ति लडिरहेका छन्। तर हाम्रो देश भित्र त आफ्नै भाइ भाइका वीच हत्या र हिंसाका युद्धहरु मडारिरहेका छन्। राष्ट्रिय अस्तित्व र सत्ता प्राप्तिको निम्ति भएको हाम्रो देश भित्रको युद्धमा छ वर्षको वीच चारहजार मानिसहरु हताहत भइ सकेका छन्। अहिले प्रत्येक नेपाली नागरिकको जीवन असुरक्षित छ। देशको आर्थिक स्थिति गिर्दै गएको छ।अब हामीलाई विदेशीको सहयोग विना आफ्नो अस्तित्व र आवरु वचाउन मुस्किल परेको छ। आफ्नै देश भित्रको हत्या हिंसा र अशान्तिको कारण हामी विदेशीको मुख ताक्न वाध्य भएका छौं।

युद्धबाट परिणाममा कसैको पनि विजय सम्भव छैन भन्ने कुरा हामीले वुझेका छौं। महाभारतको युद्धका वारेमा हामीले पढेका छौं। कलिङ्ग युद्धबाट विजयी वनेका राजा अशोकले ई.पू. २६५ मा एक लाखभन्दा बढी मानिस मार्ने र एकलाख पचास हजार मानिसलाई पक्रिएर कैदी वनाउँदा पनि उनलाई शान्ति नभएर आखिर उनले भगवान बुद्धको उपदेशको पालना गरी अहिंसा धर्म ग्रहण गरेर स्वयम् बुद्ध धर्मको प्रचार प्रसारमा सरीक भएको इतिहास छ। हाम्रै अगाडि पहिलो र दोश्रो विश्वयुद्ध वितिसकेको छ। उक्त युद्धमा विजयघोष गर्नेहरु आखिर स्वयं पतन हुन पुगेको हामीले देखे जानेका छौं। तर पनि मानिसहरु विजयको सपना लिएर मार्न र मर्न छाडेका छैनन्। यो सवै अहम र अज्ञानताको परिणाम हो। भगवान बुद्ध भन्नु हुन्छ - "कुनै युद्धमा हजारौं व्यक्तिमाथि विजय पाउनु भन्दा आफूलाई जित्नु बढी ठूलो विजय हो।"

यसै सन्दर्भमा युद्धको कारण के हुन सक्छ त भन्ने विषयमा पनि हामीले सोच्ने गर्नु पर्छ। यस विषयमा भगवान बुद्ध भन्नु हुन्छ -"यदि राज्यको कुनै महत्वपूर्ण मन्त्रीले आफ्नो कर्तव्यप्रति ध्यान दिदैन भने, आफ्नै लाभको निम्ति मात्र काम गर्दछ, अथवा घूस खान्छ भने त्यसले जन नैतिकतामा छिटो पतन ल्याउने छ। मानिसहरुले परस्परमा ठग्ने छन्। वलियो मानिसले निर्धो मानिस माथि आक्रमण गर्नेछ। एक कुलीनले साधारण व्यक्तिसित दुर्व्यवहार गर्नेछ, अथवा एक धनीले निर्धन व्यक्तिवाट लाभ उठाउने छ। अनि कसै प्रति पनि न्याय हुने छैन। उत्पात प्रचुरु हुनेछ तथा विपद बढ्दै जानेछ। जनताको दु:ख पीर प्रति वास्ता नगरेर निजी स्वार्थमा लाग्नेहरु नै राष्ट्र संकटको कारण मानिन्छन्।"

यथार्थमा हाम्रो देश यस्तै अवस्थावाट गुज्रदै आएको छ। यसको अघिल्लो पाटा देशको वागडोर हातमा लिदै आएको सरकारी पक्ष हो र दोश्रो पाटा अहिले नेकपा माओवादी वनेको छ। प्रजातन्त्रको पुनर्वहाली पछि यदि देशमा असल प्रशासन र सच्चरित्रका मानिसको नेतृत्व भएको भए अशान्त वातावरण आउन सक्ने अवस्था नै थिएन। अनि अशान्त हुनेहरुले हिंसात्मक मार्गको अनुशरण नगरी न्याय र सत्याग्रहको पथ अंगालेको भए अन्याय र अत्याचार गर्नेहरु स्वत: लाचार वन्नुपर्ने थियो। मात्राको अन्तर हुन सक्छ हिंसात्मक मार्गबाट विजय हासिल गर्न खोज्ने दुवै पक्षले अहिले जनताको हार्दिक समर्थन प्राप्त गर्न सकिरहेका छैनन्। युद्ध हानिकारक छ भन्ने वुझेर पनि दुवै पक्षले युद्धमा विश्वास गरिरहेका छन्। युद्धको कारण पत्ता लगाएर यसको समाधान गर्न कोही पनि अग्रसर भएको देखिदैन। यस सन्दर्भमा शाक्य र कोलीय राज्यको वीचमा पर्ने रोहिणी नदीको पानी बाँडफाँडको झगडा पर्दा तत्कालीन सिद्धार्थ गौतमले भनेका वाक्यहरु हाम्रो वर्तमान परिप्रेक्ष्यमा पनि ज्यादै प्रासंगिक देखिएका छन्। सिद्धार्थ गौतमले आफ्नै सेनापतिको विरोध गर्दै भनेका थिए -"म युद्धको विरोध गर्छु। युद्धद्वारा कुनै पनि समस्या समाधान हुँदैन। एक युद्धले अर्को युद्धको श्रृष्टी हुन्छ। जसले हत्या गर्छ, त्यसलाई हत्या गर्ने अर्को मानिस जन्मेको हुन्छ। जसले लूटपिट गर्छ, त्यसलाई वदला लिनेपनि अर्को निस्कन्छ। वास्तवमा दोषी को हो ? पत्ता लगाउनु पर्छ। शत्रुतालाई केवल मित्रताले मात्र समन गर्न सकिन्छ।" रोहिणी नदीकै पानीको विषयमा भएको झगडाको सिलसिलामा सिद्धार्थ गौतमले आफ्नो दरवार त्याग गरे, तर पनि उनी युद्धमा सरिक भएनन्।

सिद्धार्थ गौतम सातवर्षको उमेर छँदा आफ्ना पिता शुद्धोदनका साथ खेतमा गएको अवस्था किसानले हलो जोतिरहेको थियो। यसरी हलो जोत्दा जमीनमाथि उत्रिएको किरालाई चराले टिपेर लगेको गौतमले देखे। उनले मनमनै

विचार गरे - "के सबै जीवित प्राणीले परस्परमा हत्या गर्छन । ?" त्यस्ता साना किराहरुको दु:खद घटनाले पनि उनको मनमा गहिरो प्रभाव पार्‍यो । यही विकासको क्रममा एक दिन सिद्धार्थ गौतमको अगाडि एउटा घायल चरा खस्यो । त्यो चरालाई तीरले घायल बनाएको रहेछ । सिद्धार्थ गौतमले त्यो चराको तीर झिकेर उसको घाउमा मलम पट्टी लगाइदिए । अनि आरामदायक तरिकाले राखे । एकछिनपछि सिद्धार्थ गौतमकै साथी देवदत्त शिकारीको भेषमा सिद्धार्थ समक्ष चरा खोज्दै आए । सिद्धार्थ गौतमले चरा देखाई दिए । देवदत्तले, मैले शिकार खेलेर गिराएको चरा मेरो हुन्छ भनेर मागे । सिद्धार्थ गौतमले - "मैले वचाएको चरा म तिमीलाई दिन सक्दिन, यो चरा मेरो हुन्छ" भने । विवाद पर्‍यो । आखिर मुद्दा-न्यायलयमा पुग्यो । न्यायाधीशले, 'चरा शिकार गर्नेको हुँदैन, रक्षा गर्नेको हुन्छ' भनेर फैसला गरे । सिद्धार्थ गौतमको करुणा र अहिंसाले विजय प्राप्त गरेको यो पहिलो अवसर थियो । आखिर यही घटना विज रुपमा विकसित भएर भगवान गौतम बुद्धले संसारलाई अहिंशा र शान्तिको उपदेश दिएर एउटा नयाँ मार्ग खोलिदिए, जसलाई बुद्धधर्म भन्ने गरिएको छ ।

आजको संसार हिंसा र अशान्तिले ग्रस्त भएको छ । हामीले सुन्दर शान्त विशाल" भन्दै आएको नेपाल पनि यस्तो विकृतिवाट अछुतो रहन सकेन । करीव तीन दशक अघि स्व. श्री ५ वीरेन्द्रबाट शान्तिक्षेत्रको प्रस्ताव राखिएको हिमालयको काखमा अवस्थित भगवान बुद्धको जन्म स्थल हाम्रो देशलाई भारत वाहेक विश्वका एक सय सोह्र राष्ट्रहरुले समर्थन जनाएका थिए । आज यही देशमा छिमेकी देशवाट गोला र वारुद भित्रिएका छन् अनि हाम्रो देशमा अशान्ति मच्चाउनेहरुले आफ्नो शीर लुकाउने अखाडा वनाएका छन् । आतङ्कवाद निर्मूल पार्न विश्वका ठूला राष्ट्रले सहमति जनाएपनि व्यवहारमा यसले सार्थक रुप लिन सकेको छैन । यसैले त हामीले प्रतिदिन हत्या र हिंसाको दर्दनाथ खवर सुन्नुपरेको छ । अहिले सम्मको इतिहासमा हाम्रो निम्ति यो ज्यादै दु:खदायी समय हुन पुगेको छ ।

प्रत्येक व्यक्तिको जीवनको मूल उद्देश्य कुनै न कुनै प्रकारको विजय हो । यस्तो विजय आत्मजयी पनि हुन सक्छ, पर विजयी पनि हुन सक्छ । हार्दिकता र करुणाद्वारा गरिएको विजयले मृत्युमा अमृतको सञ्चार गर्दछ । हत्या र हिंसा द्वारा गरिएको विजयले भय, त्राश र अशान्ति दिने काम गर्दछ । राजा अशोकले कलिङ्ग युद्धमा विजय गरेर पनि शान्ति पाउन सकेनन् । भगवान बुद्धद्वारा प्रतिपादित अहिंसामार्ग अनुशरण गरेर मात्र अशोकले शान्ति प्राप्त गरेका थिए । भगवान बुद्धको उपदेशमा घृणा होइन करुणरसका अमृतवाणीहरु पाइन्छन् । अंगुलीमाल जस्ता निर्दयी हिंसक डांकाले बुद्धको करुणा पाएर आखिर भिक्षुमा परिणत भएको कथाहरु पाइन्छन् । हाम्रो देशका हिंसक र हत्याराहरुले पनि आफूलाई सुधार गरेर पुन: यो देशलाई शान्तिक्षेत्रमा परिणत गर्न सक्दछन् । पश्चाताप र प्रायश्चितबाट अपराधको मात्रा घट्नै जान्छ । अनि हामीले आफ्नो विचार र शैलीमा सुधार ल्याउन सक्दछौं ।

महान राजनीतिज्ञ विष्णुगुप्त कौटिल्यले राष्ट्र दुई प्रकारका कण्टक (जाशूस) हुन्छन्-भनेका छन् । यस्ता कण्टक स्वदेशी पनि हुन्छन्, विदेशी पनि हुन्छन् । देशलाई खतरापूर्ण अवस्थामा लैजाने यस्तै कण्टकहरु हुन । यस्ता कण्टकका बारेमा सरकार सदा सर्वदा सजग भइरहनु पर्छ । यसै विषयमा भगवान बुद्ध भन्नु हुन्छ "शासन गरिरहेका एक असल राजाका विरुद्ध पनि षडयन्त्र हुन सक्दछ । अथवा विदेशी शत्रुहरुले त्यस देशमा हमला गर्न सक्दछ । यस्तो परिस्थितिमा राजाले तीन निर्णय लिनुपर्दछ । महिला षडायन्त्रकारीहरु अथवा विदेशी शत्रुहरुले हाम्रो देशको व्यवस्था र कल्याणलाई डर, त्रास देखाइ राखेका छन् । मैले आफ्ना जनताको रक्षा सेनाको प्रयोगद्वारा समेत गर्नै पर्दछ । दोश्रो, मैले अस्त्रहरुको प्रयोग नगरी उनीहरुलाई पराजित गर्न कुनै उपायको प्रयत्न गर्नेछु तेश्रो, म सम्भव भए उनीहरुको हत्या नगरी, उनीहरुलाई जीवित पक्रने प्रयत्न गर्नेछु र उनीहरुलाई निशस्त्र गर्नेछु । यस्तो युद्धले विजय हुने मात्र होइन, यसले देशमा सद्गुण पनि प्रदान गर्नेछ ।" आज हाम्रो देशमा भएका कण्टक-शोधन गर्न यस्तै युद्धकलाको आवश्यकता परेको छ । परिणाममा हामीले आन्तरिक र वाह्य शत्रुलाई युद्धमा विजय पनि गर्नु परेको छ, साथसाथै शस्त्र, अस्त्रको पनि सके सम्म न्यून प्रयोग गर्नुपरेको छ । मुख्य कुरा त मानिसका दुर्भावनाहरुमा सद्भावनाको विजारोपण गरी सद्गुण प्रदान गर्नु परेको छ, जसले परिणाममा शाश्वत शान्ति र अमन चैन कायम राखेर परस्परमा भ्रातृत्व भावनाको श्रृष्टि गर्न सकोस । भवतु सव्व मङ्गलम् ! मृत्योर्मा अमृतम् गमय ! ❖❖❖

हत्या, हिंसा, प्रतिहिंसा फैलिएको
यस घडीमा हामी बुद्ध शिक्षा स्मरण गरी
शान्ति, मैत्री र करूणाको मार्गमा लाग्न
आजकोदिनले सबैलाई प्रेरित गरोस
यही हाम्रो शुभकामना ।

## सिद्धार्थ ट्रेडिङ्ग

सिर्जनाचोक, पोखरा

फोन : २२३६४, २५२१४

---

२५४६औं बुद्ध जयन्तीको
उपलक्ष्यमा सम्पूर्ण
नेपालीहरूको सुख, शान्तिको लागि
हार्दिक शुभकामना ।

**लक्ष्मी रियल स्टेट**

लक्ष्मी भवन, अर्चलवोट,
फोन :- २२६४६

---

नेपालका राष्ट्रिय विभूति तथा
विश्व शान्तिका अग्रदूत
भगवान बुद्धको
**२५४६औं बुद्ध जयन्तीको**
पूनीत अवसरमा सबैको
कल्याण र मङ्गल कामना गर्दछु ।

विकलमान बुद्धाचार्य

**नवरत्न ज्वेलर्स**

मोहरियाटोल, पोखरा, फोन : २०४८८

Wondershare PDFelement

२५४६औं बुद्ध जयन्तीको उपलक्ष्यमा सम्पूर्ण
नेपालीहरुको सुख, शान्तिको लागि
हार्दिक शुभकामना ।



चिनीयामान बुद्धाचार्य
**विक्रम फेन्सी स्टोर्स**
मोहरियाटोल

---

**२५४६औं बुद्ध जयन्तीको**
**उपलक्ष्यमा सम्पूर्ण**
नेपालीहरुको सुख, शान्तिको लागि
**हार्दिक शुभकामना ।**

विश्वमान ईश्वमान बुद्धाचार्य
**पोखरा गहना पसल**
१/५० मोहरीया टोल, पोखरा
फोन :- २६००७, ३०३०७

भरपर्दो र विश्वासिलो सुनचाँदीको
गहनाहरुको लागि हामी कहाँ पाल्नुहोस् ।

---

नेपालका राष्ट्रिय विभूति तथा
विश्व शान्तिका अग्रदूत
भगवान बुद्धको
**२५४६औं बुद्ध जयन्तीको**
पूनीत अवसरमा सबैको
कल्याण र मङ्गल कामना गर्दछु ।

सोभित बुद्धाचार्य
**पञ्चरत्न आभुषण**
मोहरियाटोल, पोखरा, फोन : २७२४३

---

**२५४६औं बुद्ध जयन्तीको उपलक्ष्यमा सम्पूर्ण ग्राहक वर्ग तथा प्राणी जगतमा**
शान्तिको कामना गर्दछ ।

पो. सत्यनारायण शेरचन
**समिप स्टोर्स**
पृथ्वीचोक, पोखरा,
फोन : २५२४९ (पसल), २५२१८ (घर)

**पाउने सामानहरु**
इलेक्ट्रोनिक, किचन, किराना, सामानहरु साथै
**मिलन आर्ट** (उपहार फ्रेमका लागि)
(किराना सामानहरु होम डेलिभरी गरिन्छ ।

# बुद्ध धर्मको पृष्ठभूमि र बुद्ध धर्म

❑ डा. गेहेन्द्रमान उदास "पोखरेली"

अन्धविश्वास, आडम्बर र अलौकिक सन्दर्भलाई छोडेर यथार्थवादी (वैज्ञानिक) सामाजिक र शाश्वत दर्शनको कुरा गरियो भने बुद्ध धर्मको वीजारोपण र विकासका कुराहरु छलंङ्ग देखिने हुन्छ। बुद्धलाई अलौकिक अवतार मान्ने बौद्धहरुलाई सायद यो कुरा पच्न नसक्ला। किनभने बुद्ध धर्म सम्वन्धि यहाँ भनिनेकुरा अलौकि आख्यानमा आएको छैन। वरु अलौकिक आख्यानलाई अयथार्थ वा तथ्यरहित भनेर यहाँ देखाउने अभिप्राय नै देखिन्छ र यथार्थवादी मानव इतिहास मान्ने ऐतिहासिक आवश्यकताप्रति ध्यानाकर्षण गर्ने प्रयास यहाँ गरिएको छ, जुन कुरा अलौकिक आख्यान-व्याख्यान भन्दा धेरै धेरै उपलब्धिपूर्ण र शाश्वत शान्तिमय छ।

वास्तवमा हरेक किसिमका धर्मावलम्वीहरुले आज सम्म ऐतिहासिक सन्दर्भ र आवश्यकताको पक्षलाई छुन सम्म पनि चाहदैनन् र अलौकिक कौतुकता (Fantasies) मै रमाउन चाहन्छन्। तर म यहाँ सिद्धार्थ गौतम बुद्धको र बुद्ध धर्मको अलौकिक सन्दर्भलाई होइन, बल्कि ऐतिहासिक सन्दर्भ र ऐतिहासिक आवश्यकताको कुरालाई लिएर छलफल गर्न चाहान्छु।

भारतीय उपमहाद्विपमा आजभन्दा करीव पाँचहजार वर्ष अघि ईरानवाट प्रवेश गरेका, आफूलाई "आर्य" (श्रेष्ठ) भन्ने ककेसियन जातिका आप्रवासीहरुले सिन्धुघाटी वेसी र पहाडमा रहेका दुई आदिवासी जाति मध्ये एक जाति मङ्गोलहरुका प्रमुख नेता एक किरात (महादेव भनी पछिनाम दिएका) लाई आफ्ना चेलीवेटी (सती देवी र पार्वती) विहे गरी दिएर आफ्नो हातमा लिए। किराती नेतालाई यसरी हात लिएपछि तथा उनको सहयोग पाएपछि कालान्तरमा, मोहन्जोदारो र हडप्पा सभ्यता (सिन्धुघाटी सभ्यता)लाई विकास गरेर वसेका द्रवीडहरुलाई हराए। त्यसपछि क्रमिक रुपले द्रवीड नेतृत्वलाई दवाउन ठाउँ-ठाउँमा गुरुकुल आश्रम खोलेर वसेका गुरुहरु वा ऋषि मुनिहरु वा नेतृत्वहरुले वर्णाश्रम (जातभात) को व्यवस्थाको आधारमा आफ्ना क्षेत्री राजा-रजौटाहरुद्वारा राज्यको शासन चलाए। जुनसुकै क्षत्री राजाहरु भएपनि यी भित्री रुपमा उपसरकार (राजा) रहेका ऋषि-ब्राम्हणहरुले आफ्नो ईशारामा नाच्ने वनाए। नाच्न नचाहने, आफ्नो स्वाभिमान र सोचाई राख्ने राजाहरुलाई अनेक षडयन्त्र र आरोप लगाएर पतन गराए। उदाहरणका लागि ऋषि ब्राम्हणहरुको ईशारामा नचल्ने क्षत्री राजा - रजौटाहरुलाई परशुरामको नेतृत्वमा सम्पूर्ण वाहुन (ब्राम्हण) हरु सङ्गठित भएर क्षेत्रीहरुको नाश गरे। जसको फलस्वरुप विश्वामित्रलाई वशिष्ठको समक्ष पतन गराए र विश्वामित्रले हार स्विकारेको कपोलकल्पित कथा वनाएर आज पनि हाम्रो अगाडि वाहुन जस्तोसुकै भ्रष्ट र व्यभिचारी भए पनि पवित्र वनाएकै छ।

यी ऋषि ब्राह्मणहरुको त्यस वेलाको रजाई झन कस्तो उग्रखालको नष्ट भ्रष्ट र व्यभिचारी थियो होला भन्ने कुरा आजका उनीहरुको हैकमवादी हाकधाँकवाट पनि अनुमान लगाउन सकिन्छ। त्यसवेलाको सवभन्दा भयङ्कर र अन्तरघाती उदाहरण यी ऋषि ब्राह्मणहरुले सिन्धुघाटी सभ्यताका दुनियादारीलाई सवभन्दा तल्लो र हेलाको पात्रको रुपमा राखेर "शुद्र" वनाए। यिनीहरुलाई दास, दश्यु र पछि शुद्र नाम दिए। वास्तवमा यिनीहरु सिन्धुघाटीका आदिवासीहरु थिए। यिनीहरु आफ्नै माटोमा विस्थापित भएको मात्र होइन, धर्मको नाममा यिनीहरुमाथि विभिन्न क्षेत्रमा शोषण पनि हुन गयो। यसले गर्दा कालन्तरमा बहुसंख्यक आदिवासीहरु अशिक्षित, अनपढ र वैदिक धर्म मान्ने भए तापनि जनावर जस्तै हुन गए भने माथिल्ला वर्ण खास गरी ब्राह्मण-क्षेत्रीहरु स्वेच्छाचारी र निरंकुश हुन गए। सर्वसाधारण वहुसंख्यक वैश्य र शुद्रले आफ्नो आत्म विकास गर्न नपाएर ब्राह्मण क्षेत्रीको प्रयोगको माध्यम मात्र हुन गए। अनि समाजमा शाश्वत शान्तिका अभावमा सवै पिल्सिन थाले।

हुन त वैद्धिक ब्राह्मण धर्मको दर्शनले व्रह्म ज्ञानमा आधारीत समताको कुरा गरे पनि त्यो दर्शनलाई अलौकिक वनाएर वास्तविक व्यवहारमा सामाजिक जीवनलाई भेदभावपूर्ण अन्धविश्वासी र आडम्बरी बनाईएको थियो। यसले गर्दा यस जीवनको सामाजिक शाश्वत शान्तितिर समाज नलागेर पूर्वजन्मको विश्वास र पुनर्जन्मको सुखको आशमा समर्पित भएर मनुष्य जीवनलाई अशान्तिमय वनाएको थियो। यसको विरोधमा वा "चार्वाक" नामक जडवादी भौतिक दर्शनको समेत त्यस बेला विकास भएको थियो जुन दर्शन यस प्रकारको थियो।

"ऋति बाचिन्छ जीवन् यो बाचन् सुख भोग्दै ।
मनुले खुशा काढेर रहन् घिउ पिउँदै ॥"

इसरी गौतम बुद्धको आगमनसम्म आइ पुग्दा त्यसबेलाको समाज एकातिर बाहुनवादी ब्राम्हण धर्मले पीडित र प्रताडित हुन गयो भने अर्कोतिर चार्वाक जस्तो जडवादी धर्म (दर्शन) ले मानव समाज आक्रान्त र अशान्त हुन जाने खतरा देखियो । यी दुवै अतिवादी असामाजिक दर्शन समाजको शाश्वत शान्तिका लागि कुनै महत्व भएन ।

त्यसैले त्यस बेलाका दार्शनिकहरुले समाजलाई वास्तविक जीवन दर्शन र शाश्वत शान्ति (बोद्ध वाङ्मय अनुसार परिनिर्वाण) को अनुभूति (बोध) गराउन त्यही अनुरुपको गन्तव्य (पुग्नु पर्ने) दर्शनतिर लैजान धेरै संघ-संगठनहरुको विकास गरे। त्यस मध्ये केवल दुई संगठन (धर्म) हरुले मात्र स्थायित्व पाउन सक्यो । ती दुई थिए - वर्धमान महावीर जैनद्वारा प्रतिपादित "जैन धर्म" र महामानव सिद्धार्थ गौतमद्वारा प्रतिपादित बुद्ध धर्म / स्मरणीय छ यी दुवै धर्मका प्रतिपादक राजकुमारहरु थिए । यी दुवै धर्मले विकृत ब्राम्हण धर्मको विरोध गरे तथा यथार्थवादी र अहिंसात्मक सामाजिक जीवनलाई विकास गर्ने दर्शन लिएर अघि बढे जसले गर्दा जडवादी चार्वाक दर्शनको लोकप्रियतामा समेत ह्रास आयो । ती दुई धर्म मध्ये यहाँ बुद्ध धर्मलाई मात्र चर्चा गरिन्छ ।

महामानव सिद्धार्थ गौतम बुद्धले परम्परागत आध्यत्मिक अन्धविश्वास, अलौकिक र आडम्बरी धर्म तथा "मै खाऊँ, मै भाऊँ" भन्ने जडवादी धर्म दुवैलाई मनुष्य जीवनको लागि अनुपयुक्त वा हानिकारक भनेर, त्यसको सट्टा शाश्वत शान्तिमय सामाजिक आध्यत्मवादी यथार्थवादी (वैज्ञानिक) अर्थात हेतुवादी "प्रतीत्य समुत्पाद" दर्शनलाई अघि सारे । यही नै बुद्ध धर्म वा दर्शन भयो र जगतको जीवनलाई निर्वाणको अनुभूति गराउने, प्रज्ञा जागृत गर्ने मार्ग हुन गयो । अर्थात जीवनको प्रमुख लक्ष नै जन्म-मरणको. यथार्थ ज्ञानको अनुभूत गर्नु हो भनी भन्नु भयो ।

यस्तो अनुभूति (प्रत्यक्ष बोध) को स्थितिमा पुग्ने खुट्किला वा अभ्यास गर्न गौतम बुद्धले मध्यम मार्गको बाटो देखाउनु भएको छ, जसलाई आर्य (श्रेष्ठ अर्थात उत्तम) अष्टाङ्गिक (आठ) मार्ग भनिन्छ । यी आठ मार्ग हुन् - ठीक (राम्रो) सङ्कल्प, ठीक आचरण, ठीक बोलीवचन, ठीक कर्म (काम), ठीक जीविका, ठीक समाधी (ध्यान वा चिन्तन), ठीक प्रयत्न र ठीक स्मृति (सम्झना)

सम्यक मार्गको प्रकाश सिद्धार्थ गौतम बुद्धले सर्व प्रथम पाँच ब्राम्हणहरु, जसले सिद्धार्थ गौतम माथि खानपान गरेर उपवासमय तपस्या भङ्ग गरेको आरोप लगाई, उनलाई छोडेर गएका थिए, लाई यसरी सुनाएका थिए, "ब्राम्हण हो, शरीरलाई कष्ट पनि नदिनु, विलासी पनि नबनाउनू" । यो सुत्त (सुत्र) ले मध्यम मार्गलाई प्रतिपादन गरेको छ । त्यसकारण बौद्ध वाङमयमा उपरोक्त आठ मध्यम मार्ग मात्र उल्लेख गरेको भएपनि जीवनको हरेक क्षेत्रमा बुद्ध दर्शनले मध्यम मार्गलाई नै निर्दिष्ट गरेको छ । जस्तै अरुलाई जित्न पनि खोज्नू र अरुद्वारा हारिन पनि नमान्नु अर्थात मैत्री भावमा बराबरीमा बस्नू, अरुलाई शोषण नगर्नु र शोषित पनि नहुनु, अर्थात करुणा भावमा रहनु, मालिक पनि नहुनु र दास पनि नहुनु, अर्थात समता भावमा बस्नु, आध्यात्मिक अन्धविश्वासमा पनि नरहनू र चार्वाक जस्तो भौतिक जडवादी पनि नहुनू, अर्थात जीवन परिवर्तनशील छ र अन्ततोगत्वा दुःखमय (मृत्यु) छ भनी बोध गरेर शाश्वत सामाजिक शान्तिमा रहनू, अर्थात सामाजिक आध्यात्मवादलाई अनुसरण गर्नु, आदि । यसरी जीवनको हरेक क्षेत्रमा बुद्ध धर्ममा गौतम बुद्धको सम्यक दर्शन निर्देशनको रुपमा रहेको छ, जसलाई सबै मनुष्य समाजले बुझ्नु र अनुभूत गर्नु परेको छ ।

यो मध्यम मार्गको दर्शनलाई जीवनमा प्रयोग गर्ने प्रयत्न गरिरहनु पर्छ, तव मध्यम मार्गका विविध ढोकाहरु एक पछि अर्को खुल्दै जान सक्छ । जातक कथाहरुमा उल्लेख भए जस्तै हाम्रो जीवन सितारको तार जस्तै हो, जसलाई ज्यादै कस्यो भने झ्याम्म चुँडिन्छ र खुकुलो राख्या भने राम्रो आवाज नै आउन छोड्छ । ठीक (मध्यम) किसिमले कस्यो वा फुकायो भने आवाज मात्र निकाल्ने हुँदैन, मीठो आवाज निकाल्छ । त्यस जीवनलाई दुवै छेउको अतिवाद (पूर्वाग्रह) मा पार्नु हुँदैन, मध्यम स्थितिमा राखिनु पर्छ । यसैबाट निर्वाण प्राप्त गर्न सकिन्छ अर्थात यही जीवनमै निर्वाण बोध गर्न सकिन्छ, अर्थात अनुभूत गर्न सकिन्छ । यही शाश्वत अनुभूति नै निर्वाण हो, जुन मरेपछि को काल्पनिक स्थितिमा होइन कि जिउँदैमा प्राप्त गर्न सकिन्छ । ❖❖❖

# बुद्ध, नेपाल र विश्व : सांस्कृतिक सहअस्तित्वको खोजी

□ तिलक पराजुली

नेपालका ख्याती प्राप्त प्राज्ञ तथा कूटनीतिज्ञ यदुनाथ खनालको 'Nepal after democratic restoration' नामक पुस्तकमा उहाँले नेपाल र नेपालीको एकता र पहिचानका विषयहरुमा सबै भन्दा महत्वपूर्ण हिमालय र भगवान बुद्ध हुन भन्नु भएको छ। हाम्रा एकता र पहिचानका यी दुई विषयहरु बीच सम्बन्धको कडी कहिं छ कि भनेर खोज्दा The Buddha and his Dhamma नामक प्रसिद्ध ग्रन्थमा विश्वविख्यात विद्वान डा. अम्बेडकरले एक रोचक प्रसङ्ग उल्लेख गर्नु भएको छ।। बुद्धको जन्म हुंदाताका हिमालयमा एक जना प्रसिद्ध सन्त योगी बस्तार हे छन्। उनको नाउं असित हो। असितले आकाशमा 'बुद्ध, बुद्ध' भनेर भगवान कराएको वाणि सुने। खुसीले आफ्ना पोशाक फहराउंदै भगवान यता उता दौडेको पनि उनले देखे। कहां बुद्ध जन्मेका छन् भनेर आफ्नो ज्ञानदृष्टिले सारा जम्बुद्विपमा उनले हेर्दा सुद्धोधनका घरमा एउटा जाज्वल्यमान वालक जन्मेको अनि असित ऋषि सुद्धोधनका दरबारमा पुगि भगवान बुद्धको दर्शन गरेका छन् र बुद्ध भगवानको भविष्य सम्बन्धमा राजा सुद्धोधनलाई वताएका छन्। र हिमाल तर्फ नै फर्केको छन्। हिमालय र बुद्ध पहिचान र एकताका प्रतिक ठान्ने हामी नेपालीका लागि बुद्धका शिक्षाको महत्व के छ ? हामीले अहिलेको विश्वका जटिलतालाई कसरी संवोधन गर्न सक्दछौं ? यी प्रश्नमा गहिरिएर विचार गर्नु आवश्यक छ।

नेपालमा २००७ सालको राणा विरोधी जनक्रान्ति देखि शुरु भएको आधुनिक र खुला सामाजिक चिन्तन र व्यवहारमा गतिरोध उत्पन्न भएकोले सो गतिरोधका विरुद्ध २०४६ सालमा संयुक्त जनआन्दोलन भै आधुनिक र खुला विचार हाम्रो समाजमा प्रवाहित भएको छ। आधुनिक र खुला विचार भनेको आर्थिक, सामाजिक, राजनीतिक सांस्कृतिक तथा धार्मिक सबै क्षेत्रमा स्वतन्त्रता, समानता र सहिष्णुताको प्रत्याभूति हो। स्वभावत: २०४६ सालको जनआन्दोलनको मुख्य मर्म र आग्रह पनि यहिं हो र त्यस आन्दोलनले ल्याएकी राजनीतिक परिवर्तनको सार्थकता पनि यसै कुरामा रहेको छ। तर, यस अनुसार राज्य सत्तामा पुगेको नेतृत्वले काम गर्न नसकेको मात्र होइन यस भावनाका विपरीत कार्य समेत भए। अर्को तर्फ विगत लामो समय देखि अवरुद्ध भएका, गुम्सिएका र कुण्ठित भएका जाति तथा समूहका जायज स्वार्थहरुले उचित सम्मान नपाउंदा जातिय, क्षेत्रीय तथा सांस्कृतिक अतिवादले प्रश्रय पायो र राजनीतिक नेतृत्वले आर्थिक सामाजिक क्षेत्रमा दिनु पर्ने अग्रगामी नेतृत्व दिन नसक्दा सैद्धान्तिक र व्यवहारिक दुवै रुपमा अतिवादी चिन्तन विकल्पको रुपमा प्रस्तुत भै नेपाली उद्देश्यहीन हत्या र हिंसाको चपेटामा परिरहेको वर्तमानको हाम्रो मुलुक र समाजको यथार्थ परिदृश्य हो।

सोभियत युनियनको पतन पछि अर्थात् शितयुद्धको अन्त्य पछि अमेरिका एक ध्रुवीय महाशक्ति वनेको छ केही मानिसहरुले सोचेका पनि थिए कि अव युद्धको अन्त्य भयो। हुन पनि यस अगाडि समाजवाद र पूंजीवादका वीच अर्थात सोभियत संघ र अमेरिकाको वीच युद्ध हुने गर्दथ्यो। विवाद, संघर्ष र युद्धका विषय आर्थिक राजनीतिक व्यवस्थागत ढाचाका लागि, यसको प्रभाव विस्तारको लागि नै हुने गर्दथ्यो। तर, युद्ध वन्द भएन अहिले पनि। आतङ्कवादको भूतले सताएको छ अहिले अमेरिका लगायत धेरै देशलाई। शितयुद्धको अन्त्य पछि युद्ध समाप्त भएन वरु झन खतरनाक प्रवृत्तिका साथ उदय भएको छ। यस स्थितिको अनुमान आधुनिक पश्चिमा समाजका विचारक स्यामुल पी. हन्टिङ्गटनले आफ्नो विश्व प्रसिद्ध पुस्तक The Clash of Civilizations and the Re-making of world order मा गहिरोसंग गरेका छन्। सोभियत युनियनको विघटन पछि, शैद्धान्तिक आधारका युद्ध समाप्त भए पछि, युद्ध के का

मागि ? सन् १९९६ मा प्रकाशित आफ्नो उक्त पुस्तकमा 'विश्व शान्तिका लागि सबै भन्दा ठूलो खतरा सभ्यताहरु वीचको द्वन्द हुने' उनले ठोकुवा लगाएका छन् ।

हुन पनि गत सेप्टेम्बर ११ मा अमेरिकी संवेदनशील भवनको ध्वस्त कुनै एक देशले अर्को देशमाथि गरेको आक्रमण नभएर एक धर्मका अनुयायीले , एक सभ्यता र संस्कृतिका अनुयायीले अर्को धर्म वा सभ्यता र संस्कृतिमाथि गरेको दमन थिचोमिचोको विरुद्ध छेडिएको एक युद्ध हो यो । मुसलमान र क्रिशिचयन धर्म, संस्कृति र सभ्यता वीचको द्वन्द हो यो । अलक्वायदा वा त्यसका नेता बिन लादेनले अख्तियार गरेको तौर तरिका प्रति सहमत हुनु न हुनु आफ्नो ठाउँमा छ, पेलेस्टेनी आत्मघातीहरुको कार्यशैली वेठीक ठान्नु आफ्नो ठाउँमा छ तर सभ्यताका वीच द्वन्द भने यो हो नै । र यो पनि निश्चित छ कालान्तरमा यो अझ विकराल रुपमा प्रस्तुत हुनेछ । हन्टिङ्गटनले आफ्नो प्रस्तुत विचारमा 'देशभित्रै पनि विभन्न संस्कृतिवीचका विवादले शरणार्थी समस्या जन्मने छ' भनेर पनि भनेका छन् । यो हामीले आफ्नै देशमा देख्न थालेका छौं । हामीले व्यहोर्नु परेको भुटानी शरणार्थीको समस्या भोटे र नेपाली संस्कृतिका वीचको द्वन्द पनि हो भने देश भित्रै हिन्दू अतिवादको विरोधका नाउंमा लिम्बुवान, खुम्बुवान आदि संस्कृतिले उग्रता लिंदै गएको छ ।छिमेकी भारतको गुजरातको हिन्दु मुसलमान दङ्गाले आफ्नो देश भित्र मानिसलाई शरणार्थी वन्न वाध्य गरेको छ ।

जब द्वन्द र युद्धका सैद्धान्तिक, दार्शनिक वा आर्थिक मामिला वा एजेण्डा छैनन् र भिन्न सभ्यता र संस्कृति वीचको द्वन्द छ भने त्यसलाई व्यवस्थापन गर्ने, युद्धलाई रोक्ने वा द्वन्दलाई व्यवस्थापन गर्ने उपाय सभ्यतावीचको सह अस्तित्व नै हो । यस्तो सह अस्तित्व कुन सभ्यताले, कुन धर्म-संस्कृतिले कायम गर्न सक्दछ ? यसमा ध्यान दिनु पर्ने हुन आएको छ । हामीले देखेका छौं - क्रिशिचयन सभ्यता-संस्कृति र मुश्लिम सभ्यता-संस्कृति वीचको द्वन्द । हिन्दू सभ्यता-संस्कृति र मुश्लिम सभ्यता-संस्कृति वीच द्वन्द पुरानो कुरा हो र यो अहीले पनि जारी छ । जसको उदाहरण भारत नै छ । बुद्ध धर्म, यसले स्थापित गरेकको सभ्यता र संस्कृति नै वास्तवमा धार्मिक वा सभ्यता र संस्कृतिको सहअस्तित्वको आधार स्तम्भको रुपमा देखा परेको छ । केही अल्पज्ञानी वा बुझेर तोडमोड गर्ने स्वार्थीहरुले यसलाई हिन्दू धर्मको एक शाखाको रुपमा प्रस्तुत गर्दछन् । जसले वर्णाश्रमको विरोध गरेको छ, अस्वीकार गरेकोछ, जसले जातजातिको विभेदलाई अस्वीकार गरेको छ र यहाँ लोक र परलोकको काल्पनिक कुरालाई वहियात भनेको छ त्यो कसरी हिन्दू धर्म हुन सक्दछ ? वरु के भन्न सकिन्छ भने वौद्ध धर्मको प्रचार प्रसार हुन थाले पछि, यसले हिन्दू धर्मका पाखण्ड कुराहरु भण्डाफोर गरेपछि हिन्दू धर्म संकटमा पर्‍यो र हिन्दू धर्मका पण्डितहरुले अस्तित्व वचाउन वौद्ध धर्मका केही कुरा ग्रहण गरे । जवाहरलाल नेहरुले आफ्नो कृति The Discovery of India मा ठिकै भनेका छन् - 'Buddhism, not adapting itself to caste, and more independent in its thought and outlook, ultimately passes away from India, though it influences India and Hinduism profoundly. "वौद्ध धर्मले जाति प्रथालाई अस्वीकार गरेर आफ्नो स्वतन्त्र विचार र पहिचान कायम गर्‍यो । आखिर भारतमा जरागाड्न नसके पनि भारत र हिन्दू धर्ममा ठूलो प्रभाव पारेको छ ।" वास्तवमा बुद्धधर्म भनेको तर्क, वुद्धि र अनुभवको आग्रह हो । वुद्धका सन्देश दया र प्रेमका सन्देश हुन । संसारमा घृणाको अन्त्य घृणाले हुँदैन, घृणाको अन्त्य प्रेमले हुन्छ भन्ने बुद्धका शाश्वत सन्देशलाई विश्वव्यापी रुपमा फैलाउन सकेमा नै सहअस्तित्वले मूर्त रुप लिन सक्दछ । कलिंगको युद्धका विजेता सम्राट अशोकले सो युद्धको परिणाम पछि जुन विशाद अनुभव गरे र अहिंसा धर्मको पालना तर्फ उत्प्रेरित भएर वुद्धका शिक्षा देश देशान्तर सम्म पुर्‍याए, त्यही कुराको पुनर्जागरणले मात्र नेपाल र शेष विश्वमा शान्ति कायम हुन सक्दछ । सभ्यता र संस्कृति वीचका द्वन्द, टकराव र युद्ध समाप्त गर्न सकिन्छ ।

# बुद्ध आफ्नो बत्ती आफै हुन्

□ भास्कर

सम्पूर्ण भारतीय दर्शन सामन्ती युगको देन हो । यो आत्मावादी र ब्रह्मवादी अंशंव-रहस्यवादको सेरो-फेरोमा सीमित छ । यो दर्शन र यसबाट निर्माण विचार-धागाहरुले सबै भन्दा बढी चचांगरेको विषय या पक्ष भनेको जीवन-मरण र त्यसबाट मुक्ति हो । वेदमा पुनर्जन्मको विचार या चिन्तन छैन । वैदिक-ऋषिहरु यथार्थवादी थिए । संसार लाइ जस्तो देख्थे त्यस्तै मान्थे । व्याख्या गर्थे ,र त्यसैबाट आनन्द लिन्थे । उनीहरुको जीवन- लक्ष्य, घर छाडेर जङ्गलमा जाने थिएन ।

उपनिषद् कालका ऋषिहरुले पुनर्जन्मको सिद्धान्त निकाले । जसअनुसार यही जन्मलाई सबै थोक नठान, सामाजिक विषमता(गरीबी)लाइ हटाउने कोशिस नगर । गरीब भगवान् र कुनै साहुले बनाएको होइन । पूर्व जन्मको फल हो । अरुको सम्पत्तिमा लोभ,डाहा,इर्षा गर्न हुँदैन । सम्पन्न र बिपन्न वर्ग शाश्वत छन् । यो पूर्व जन्मको शुभ र अशुभ कर्मको फल हो । दान, पुण्य, यज्ञादि गर । अर्कोजन्ममा राजा वा धनवान् कुलमा जन्म लिनेछौ । यो सिद्धान्तले समाजका वर्तमान अवस्थालाइ कायम राख्न ज्यादै ठूलो भूमिका खेल्यो । सबै पक्षमा सामन्ती ढांचा निर्माण भए । समाज नया बायुमा सास फेर्न नसक्ने गरी जकडियो । यसैका परिणाम थिए -बुद्ध । प्रारम्भमा बुद्धका चिन्तनहरु पनि असंगठित ,भावनात्मक र परम्परागत नै थिए । उनी रोगी, वृद्ध, र मृतक देखेर रोग ,जरा र मृत्युबाट मुक्तिको उपाय खोज्न घर-बार छाडेर जङ्गलतिर हिंडेका थिए । (यो परम्परगत दुःख त्रय विघातको उपाय हो , अर्थात् आदि दैविक आदि भौतिक र आध्यात्मिक दुःख निवारणकालागि प्राचीन ऋषि-महर्षिहरुले पनि यही बाटो बताएका थिए र समाजको दुःख निवारणकालागि भनेर जङ्गल पसेका थिए ) । यो बुद्धसंग सम्बन्धित अति प्रचलित घटना ,कथा या गाथा हो यसलाई विभिन्न साहित्यकार,,धर्म-चिन्तक, दार्शनिक, महात्मा, भिक्षु आदिले विभिन्न शैलीमा प्रशंसात्मक चर्चा गरेका छन् । यस आचरणलाइ ज्ञानको इच्छाबाट भएको महान् त्यागको संज्ञा दिएका छन् । गाथाहरु गाइएका छन् ।

गौतम, रोग, जरा र मरणको दृश्यबाट ज्यादै मर्मान्त भएका थिए र यसको उपाय(भेद)जान्न सारै आतुर एवं विव्हल थिए , अतः उनले बाबु, श्रीमती , छोरो, र राज्य सबै त्याग गरी रातको समयमा घरबाट निस्के । घर बाट निस्कदा यही काम गर्छु भन्ने कुनै निर्णय लिएका थिएनन् । राज्यबाट निकै टाढा पुगेर लामो चिन्तन गरे पछि, बल्ल तपस्याबाट तत्व पत्ता लगाउने निर्णय गरे । यो उनको मौलिक पद्धति नभएर परम्परागत नै थियो । कतिपय ऋषि-महर्षीहरुले तपस्याबाट मुक्ति प्राप्तगरेका कथा-गाथाहरु उनले सुनेका थिए ।

गौतम एउटा वृक्षमुनि आसन जमाएर तपस्या गर्न बसे । तपस्याको शैली पूर्वीय परम्पराको अर्थात् आफ्नै शरीरसंग लड्ने अनशन पद्धतिको थियो । उनी तुरुन्त महान् उपलब्धि हाँसिल गर्ने धुनमा थिए । पर्वीय दर्शनको एउटा मत छ -जुन स्तरको उपलब्धि हाँसिल गर्नुछ , त्यही स्तहको त्याग संघर्ष र तपस्या पनि आवश्यक हुन्छ । तपस्या र वरदानको सिद्धान्तले यसैको पुष्टि गर्छ ।

गौतमले १३ दिन सम्म एकै ठांउमा बसेर निराहार तपस्या गर्दैरहे । उनी दुई तीन दिनमा नै भोक, तिर्खा र थकानबाट चूर भइसकेका थिए ,तैपनि १३ दिन सम्म टिके । वृक्ष मुनिको आसनबाट उठेनन् । शारीरिक कम्जोरीले गर्दा मानसिक बेहोसी बढ्दै गयो । परिणाम त उनी मूर्छित भएर लढे ।

सायद गौतमले केही समय पछि त्यही पञ्चतत्व प्राप्त गर्ने थिए । उनका इन्द्रियहरु अत्यन्त शिथिल भइसकेका थिए । संयोग भनौ या भाग्यको कुरा , गौतम मूर्छित भएर लढेको केही समय पछि नै सुजाता नामगरेकी एउटी किशोरी त्यँहा आइ पुगी । ऊ अत्यन्त सहृदयी र दयालु स्वभावकी थिई । एउटा परदेशी युवक अचेत अवस्थामा लढेको देख्दा उसलाइ अत्यन्त दया लाग्यो । उसलाइ यति सम्म मात्र थाहा थियो -मान्छे खान नपाए पछि कम्जोर हुन्छ , मूर्छित हुन्छ र मर्छ । उसले जानेको या थाहापाएको विषयमा सोचेपछि दौडेर आफ्नो घर गई । उसलाइ आमाले

दिएको खान दिएको खीर एउटा कटौरामा राखेकी थिई। त्यही ल्याएर दौडदैं आई ,र गौतमलाइ विस्तारै चटाउन थाली। गौतम दृढ-प्रतिज्ञ थिए। सायद उनमा केही मानसिक होस् र शारीरिक सामर्थ्य भएको भए ,खीर खाने थिएनन्, अर्थात् इन्कार गर्ने थिए। तपस्या भङ्ग गर्दिन भनेर जिद्धि गर्ने थिए। मूर्छित हुनुभन्दा पहिले पनि भयङ्कर भोक, तिर्खा सहेका थिए। तर उनको शारीरिक ल्कान्तिले गर्दा विचारको दृढतालाइ पनि शिथिल बनाइ दिएको थियो। अत: सुजाताले उनलाइ बेहोसी अवस्थामा नै खीर खुवाउँदै गई। गौतमले एक कचौरा खीर खाए।

खीर पेटमा पुगेपछि त्यसले आफ्नो काम गर्न थाल्यो। केही समय पछि गौतमको शारीरिक शक्तिकासाथै विचार शक्ति पनि जागृत हुँदै आयो। क्रमश पूरा होसमा आए पछि उनले गहिरो शैलीमा सोचे।सोचाइकै क्रममा उनलाइ सूक्ष्म शैलीको तत्व वोध भयो। अनाहार वाट मेरो शारीरिक या भौतिक शक्तिमात्र होइन विचार शक्ति पनि क्षीण हुँदै गएर निम्न अवस्थामा पुगेको रहेछ। विचार शक्ति नै क्षीण(नाश) भएपछि रोग, जरा र मरणवाट मुक्तिको उपाय कसरी सोच्ने? कार्यान्वयनकसरी गर्ने ? वास्तवमा विचार , चिन्तन वा सोचाइ भनेको भिन्दै चीज होइन रहेछ। शारीरिक या भौतिक शक्तिसँग यसको निरवछिन्न सम्वन्ध हुँदो रहेछ। त्यसपछि उनलाइ पहिलो ज्ञान प्राप्त भयो। -म मा परेको रोग, जरा र मरणको चिन्ता र त्यस चिन्तावाट मुक्त हुन मैले सोचेको उपाय व्यर्थ रहेछ। शरीर भौतिक र प्राकृतिक नियम अनुसार चल्दो रहेछ। यसै सेरो -फेरोमा मानसिक स्वस्थ उपाय खोज्नु पर्दो रहेछ। मरणं प्रकृति शरीराणाम् वा शरीर माध्यम् खलु धर्म साधनम् यसरी ज्ञान प्राप्त हुँदै गए पछि गौतम, भगवान् वुद्ध भएका हुन्।

उनले रोग, जरा र मरणको कुनै पनि उपाय खोज्न सकेनन्,तर उनलाइ ज्ञान प्राप्त भयो , त्यो थियो-रोग , जरा र मरणका विषयमा चिन्ता गर्नु नै व्यर्थ छ। संसार जुन क्षणमा जे र जस्तो छ त्यही नै सत्यहो। ध्रुव सत्य एउटै मात्र छ, त्यो हो ,परिवर्तन। परिवर्तन कहीं तरङ्ग-प्रवाहका रुपमा हुन्छ भने कहीँ छलाङ् मारेर, यही असंख्य संघर्ष गर्दा ज्ञान प्राप्त हुन्छ। यो चिन्तनले अध्यात्मवादलेजस्तो समाजलाइ परिवर्तनवाट जोगाएर कुनै पनि संघर्ष वा विकास रोक्ने काम गर्दैन। यसलाइ क्षणिक विज्ञानवाद पनि भनिन्छ। परिवर्तन भनेको मरण होइन,सृष्टिको क्रमहो। हाम्रा शरीरमा नै प्रतिक्षण हजारौं जीवाणु बन्छन् र नाश हुन्छन्। परिवर्तनवाट भयभीत या आतङ्कित हुनु व्यर्थ छ। यसै प्रसंगमो जीवन र मृत्यु सम्वन्धमा वौद्ध दार्शनिक धर्मकीर्ति अत्यन्त घतलाग्दो शैलीमा भन्छन्-जीवन दीपजस्तो हो। वल्छ र वलेपछि निभ्छ, निभेपछि धुँवा बनेर त्यो कहाँ जान्छ ? कसले जान्ने?अहिले यो जीवन दीप छ, कहिले सम्म वल्ने छ ? अनि कहिले निभ्नेहो? निभेपछि धुँवाभएर गएको अलि माथिसम्म देखिन्छ , त्यस पछि देखिदैन पनि। समझदार मान्छेहरुल अनुभववाट सिक्छन्। जसले अनुभववाट सिक्न सक्दैन त्यसले कहिल्यै सिक्न सक्दैन। मुख्य कुरा त केहो भने-जरा कवलित -(हुने वा भएको ) जुन शरीर छ त्यसप्रतिको मोह मुढता मात्र हो। अनि दु:खको कारण पनि हो। भगवान वुद्ध रोग, जरा र मरणको उपाय खोज्न हिंडेका थिए। पछि त्यसैवाट उनको शरीरान्त भयो। अढाइ हजार भन्दा वढी वर्षदेखि वुद्धका करोडौं अनुयायिहरुको हालत पनि यही हो। वुद्धवाट सिक्ने कुरापनि यही हो।

वुद्धको दर्शन भौतिकवादी हो। यसले व्यक्तिको भन्दा समूहको अस्तित्वलाइ उच्च मान्छ। भौतिकवादीहरु मृत्युको कल्पनामा शरीरलाइ छाडेर जीव-रुपमा भड्कने कल्पना गर्दैनन्। व्रह्ममा लिन हुने कुरा पनि सोच्दैनन्। अझ द्वन्दात्मक भौतिकवादीले त मृत्युलाइ अनिवार्य अन्त्यकारुपमा स्वीकार गर्छन्। जीव-मरणवाट मुक्त हुने इच्छा वा कल्पनाले मृत्युदेखि भयभित पनि हुँदैनन्। हुनत कतिपय अध्यात्मवादीहरुपनि मृत्युदेखि भयभित नभएका उदाहरणहरु पाइन्छन्, खासगरी निर्गुणवादी र स्थिर चित्त योगीहरु मरणको प्रतिक्षा उल्लासपूर्ण स्थितिमा गर्छन् ,जस्तो कविर भन्छन्-मरणवाट नै पूर्ण परमानन्द प्राप्त हुन्छ , तर उनीहरुमा जन्म र फेरि जीवमा बाँधिने भय चाँहि रहि रहेको पाइन्छ। जीवर आत्मालाइ पृथक मान्ने वित्तिकै घुमाइ फिराइ त्यही प्रतिकुलता आउँछ। यसले मान्छेलाइ अन्धविश्वासी र इश्वरका बिना तलवी वकिल बनाउँछ। समाज र संसारप्रतिको अनाशक्तिको बाटो मात्र तयार गर्छ र लोभलाग्दो मृगमरीचिका बाहेक अरु दिन सक्दैन।

पूर्वीय होस् या पश्चिमी, कुनै पनि भौतिकवादी दर्शनले कहिल्यै पनि अजर अमर रहने कल्पना गर्दैन र त्यस प्रतिको साधनाका वारेमा पनि चिन्ता लिदैन । हो शारीरिक र मानसिक स्वस्थताकालागि व्यायाम , ध्यान, व्रतआलि को पालना गर्नु भिन्दै पक्ष हो । भौतिकवादीहरुले जीवन-मरण मुक्तिको कल्पना र इच्छालाइ नितान्त अनावश्यक र अप्राकृतिक मान्छन् । अध्यात्मवादको उद्भव र अस्तित्व जीवन-मरण वन्धन मुक्ति चिन्तनवाट भएको हो। चिन्ता भन्ने यस्तो चीज हो जसले जीवनलाइ नीरस र बेकार गराइ दिन्छ । अध्यात्मवाद्ले मान्छेलाइ मृत्युका वारेमा चिन्ता गर्ने बनाइ दियो तर जन्म-मरणवाट मुक्त भएको प्रमाणिक उदाहरण दिन सकेन । यसका तुलनामा वौद्धदर्शन अत्यन्त व्यवहारिक र पारदर्शी छ । यसले मानव जातिलाइ अज्ञेय-रहस्यात्मक जञ्जालवाट मुक्त गरी वास्तविक सुख के हो ? जान्ने बाटो खोलि दियो त्यसैले यो युगको प्रतिनिधि विचार बन्न पुगेको हो । ❖❖❖


२५४६औं बुद्ध जयन्तीको उपलक्ष्यमा सम्पूर्ण नेपालीहरुको सुख, शान्तिको लागि हार्दिक शुभकामना ।



गोपालमान बुद्धाचार्य

नमस्ते आभूषण

मोहरीया टोल, पोखरा

फोन :- २६८४६

बुद्ध जयन्तीको उपलक्ष्यमा शुभकामना ।

तपाईंको चिरपरिचित World Communication विगत लामो समयदेखि तपाइंहरुका सेवामा समर्पित भई पोखरामा पहिलो पटक STD/ISD सेवामा Pulse System तथा पूर्ण Computerised Billing System भएको यस Communication पृथ्वीचोकमा पाल्नु भै सेवा गर्ने मौका दिनुहोस् ।

❖ पर्याप्त टेलिफोन भएको, ❖ फोटोकपी तथा लेमिनेशन सेवा इन्टरनेटमा (Dial Paid) भएको, ❖ टुरिष्ट बस तथा हवाई जहाज टिकट सेवा, ❖ फ्याक्स तथा कुरियर सेवा भएको ।

World Communication

पृथ्वीचोक, पोखरा, फोन : २६३९५

२५४६औं बुद्ध जयन्तीको उपलक्ष्यमा सम्पूर्ण नेपालीहरुको सुख, शान्तिको लागि हार्दिक शुभकामना ।

लालबहादुर गुभाजू

स्वजीत गहना पसल

सुन चाँदी दुकान, १/९९ मोहरिया टोल, पोखरा, नेपाल

फोन : २६००५ / ३०३०५



२५४६औं
बुद्ध जयन्तीको
उपलक्ष्यमा सम्पूर्ण
नेपालीहरूको सुख, शान्तिको
लागि
हार्दिक शुभकामना ।

कृष्णमान विशालमान बज्राचार्य
मोहरियाटोल
फोन :- २०७२१

नेपालका राष्ट्रिय विभूति तथा
विश्व शान्तिका अग्रदूत भगवान बुद्धको
२५४६औं बुद्ध जयन्तीको
पूनीत अवसरमा सबैको
कल्याण र मङ्गल कामना गर्दछु।

प्रो. एन.एम.लामा
थान्का आर्ट ग्यालरी
घर नं. १०२-सि.टी.६, बैदाम, पोखरा
फोन : ००९७७-६१-३४०४०, फ्याक्स : ००९७७-६१-२५०५०
ई-मेल : thanka_art@hotmail.com

हत्या, हिंसा, प्रतिहिंसा फैलिएको
यस घडीमा हामी बुद्ध शिक्षा स्मरण गरी
शान्ति, मैत्री र करूणाको मार्गमा लाग्न
आजकोदिनलेसबैलाईप्रेरितगरोस
यही हाम्रो शुभकामना ।

दशरथमान बुद्धाचार्य
बुद्धाचार्य ट्रेड सेण्टर
मोहरियाटोल, पोखरा
फोन : २०११६

# शान्तिको चाहाना र हाम्रो वर्तमान

☐ सुवर्ण बज्राचार्य

"शान्ति" शब्द सुन्ने वित्तिकै हाम्रो शरिरको प्रत्येक नशानशामा शितल र उमंगको रक्त संचार हुनथालेको अनुभूति हुन्छ। शान्ति नचाहने कोहोला ? सबै शान्ति चाहान्छन्। श्रृष्टिको सुरु देखिनै मानिसले शान्तिको चाहना राख्दै आएका छन्। भन्ने नै हो भने उतिवेला भन्दा आज शान्तिको अभाव बढी महसूस भएको छ। किनभने अहिले हिंसा र आतंकबाट विश्व आक्रान्त छ। अधिकांश मुलुकहरु हत्या र युद्धबाट ग्रसित छन्। सबै तिर विकृति र विसंगतिको कालो वादल मडारिरहेको छ। जन्मलाई मृत्युले पछ्याए झैं कहिले अगाडीबाट कहिले पछाडीबाट शान्तिलाई अशान्तिले आफ्नो डरलाग्दो पंजाले निरन्तर पिछा गर्दै प्रहार गरिरहेको छ। त्यसैकारण आज अवोध र निरीह मानिसहरुलाई कतैबाट पनि सन्तोष र राहतको सास फेर्ने ठाउँ छैन। सबैतिर भय, अशान्ति र निरासा मात्र व्याप्त छ।

मुखले सबैले शान्ति भन्छन् तर कर्म र व्यवहारले देखाउन सकेका छैनन्। मानिसले मानिसलाइं चिन्न नसकेको कारणले नै एक प्रति अर्काको कुभावना जागृत भएको हो। "आफु भलो त जगत भलो" भन्ने युक्तिलाई आत्मसात गरी आफू मात्र वाँचु, आफू मात्र खाउँ लाउँ भने जस्तो तुच्छ र स्वार्थी मनस्थिति हावी भएको कारण वैमनस्य र तनाव उत्पन्न भएको हो। धर्म, सत्य र शान्तिको संवेदनशीलता हरपल वहुजन हित र सुखमा निहित रहि आएको छ। तर धर्मको मर्म र स्वभावलाई लत्याएर म जे चाहान्छु तेही हुनुपर्छ, म जे गर्छु त्यही ठिक, मेरो गोरुको वाहै टक्का भन्ने हठवादी र जवरजस्ती गर्न खोज्ने मानसिकताले धर्मको मर्म र सदासयतालाई चोट पुग्न गै सर्वत्र ववांदीलो कोलाहल मच्चिन पुगेको छ। आफू वाँचेर अरुलाई पनि वाच्न दिनु मानवता हो। आफू मात्र वाँची अरुलाई मार्न खोज्नु दानवता हो। यिनै दानवताको क्रुर र विनासकारी जालोले सवैलाई छोपेको कारण मानिसको अन्तस्करणबाट मानवता पलायन भए झैं भएको छ।

आज भोलि धर्मको नाममा मानिसहरुले अति अधर्म र निकृष्ट कर्महरु गरेर असहिष्णुताको प्रदर्शन गरिरहेको छ। रुढीवादी र अन्धविश्वासको थाङ्नो भित्र गुटमुटिएर धार्मिक सहिष्णुतामा खलल पारी अनावश्यक रडाको मचाएर मानव संरचनाहरु ध्वस्त पारेका छन्।

मुखले शान्ति शान्ति भन्दै विश्वका धनी र शक्तिशाली राष्ट्रहरु तछाँड मछाड गर्दै विध्वंशकारी अस्त्र शस्त्रको अन्धाधुन्ध उत्पादन गरी असीमित भण्डार भर्ने होडवाजीमा लागेका छन्। यसैले पनि आजकलका उच्छृंखल प्रवृत्तिका मानिसलाई हिंसा र आपराधिक आचरण गर्न अभिप्रेरित गरिरहेको छ। कतै गरिव र गाँसवास विहीन मानिसहरु भोकमरीको चपेटामा परी भोक भोकै मर्न परिरहेका छन् भने अर्कोतिर यो साँगुरिदै गएको विश्व परिवेसको अपठ्यारोबाट थिचिएर निस्किएको झन्झटले आकास छुंदो छ। यस्तै वेला अर्काथरी मानिसहरु आफ्नो संकीर्ण स्वार्थ पूर्तिकालागि वम र वन्दुक को सहाराले सबै सामाजिक संरचनाहरु चकनाचुर पारी हिंसा, हत्या मचाइ रहेका छन्। दया माया क्षमाहरु सबै मानव मष्तिष्कबाट विलीन भैसकेको छ। धर्म, विश्वास र सत्यता अब ईतिहासमा मात्र अंकित रहन पुगेको छ। संसारमा जन्मेर फेरी मर्नु छ भन्ने सत्यतालाई विर्सेर आखिर यो सबै के को लागि गरिंदै छ ?

यो एकादेशको कथा होइन, पहिलो र दोश्रो विश्वयुद्धको कहानी पनि होइन, यो यौटा यस्तो वास्तविकता हो जुन हाम्रै देशमा तपाई हाम्रै आँखाको सामुन्ने घटिरहेको विभत्स र दर्दनाक घटना हो। मानिसहरुले आफ्नो मानविय संवेदनशिलता र सहअस्तित्व भुलेर असमान तृष्णा तृप्ति गर्नको लागि असंख्य लुटमार र मानव हत्यामा लागि अनन्त पराजयको युद्ध लडिरहेका छन्। अहिंसाको पुजारी र शान्तिको अग्रदूत गौतम वुद्धको देश आज सम्पूर्ण मानव रगतले पोतिएको छ। अरु देशका मानिसहरु मुक्त कण्ठले श्रद्धा र इज्जतका साथ नेपाल र नेपालीको नाम लिन्छन्। कतो

सन्मान र प्रसंसा गर्छन् उनीहरु नेपालको। हामीले नै यी सवै अन्तर्राष्ट्रिय मान र प्रतिष्ठालाई प्रवल वनाई राख्न नसकी आपसी लुछाचुंडीले सारा राष्ट्रिय अस्तित्व तहस नहस वनाई सक्यौं। हामीले आफ्नो राष्ट्रको गरिमा र महत्वको पहिचान गर्न पनि नसकी राष्ट्रिय अस्मितालाई धुजाधुजा पारी उल्टै आफ्नो छुद्र आकांक्षा मेटाउन आफ्नै दाजुभाइ दिदीवहिनीको रक्त पिपासु वनी काटाकाट गरी यस पवित्र भूमिलाई रगतको दहमा वुच्याई दिएका छौं। हाम्रा यिनै कुकृत्य र अमानविय व्यवहारका कारण सबैको नजरवाट हेपिएर होचिन पुगेका छौं। कुनै वेला के हुन्छ भन्ने कसैलाई थाहा छैन। जताततै अराजकता छाएको छ। आपसमा मर्ने र मार्ने आत्म घाती खेल खेलिएका छन्। वाँच्ने जतिपनि अव के हुन्छ भन्ने निरन्तर भय र त्रासले थर थर काँपी छाती भित्र भक्कानु फुटाउँदै घुटुघुटु आँसुका धारा पिएर पी सवै टुलुटुलु हेरिरहन विवस छन्।

हुन त आजभोलि धर्मकारहरुको संख्या दिन दिनै वढिरहेको छ। तर धर्म भन भन घट्दो छ। कुनै पनि देव देवीको मन्दिरमा दर्शन गर्न जाँदा धेरै ठूलो लाईन देखिन्छ। सबै आफुलाई धर्मात्मा दर्साउन चाहान्छन्। तर धर्मले भनेको मान्न कोही पनि चाहन्नन्। धर्मको मर्म र स्वाभावलाई लत्याएर अधर्मको वाटो अपनाएकोले नै मानिसहरु सत्भाव र सदाचारवाट वन्चित हुन पुगेको हो। यहि कारणले हाम्रो सुन्दर र शान्त विशाल मुलुकको सवै गाउँ शहर जंगल र वस्तीहरु उजाडिएर मसान घाटमा परिणत भै मान्छेको कुहिएको लासहरु डुङ डुङ गन्हाउन पुगेको हो।

हिंसा र हत्याले कसैलाई पनि फाइदा भएको छैन। के यस्ले कसैलाई हित भएको छ ? छैन। सृष्टिको सुरुदेखि नै मानिसहरु आफ्ना लालच पूर्तिको लागि कुनै न कुनै किसिमवाट युद्ध र हिंसा गर्दै आएको यथार्थ हामी इतिहासवाट थाहा पाउंछौं। तर कसैलाई पनि यसवाट लाभ पुगेको छैन सिवाय विनास। यस्ता सवै कुराहरुको जानकारी हुँदाहुँदै पनि सत्यतालाई पन्छाएर फेरी उही विनासकारी मार्गलाई अवलम्वन गर्नुको अर्थ वर्वादी मात्र हो। आफू पनि खत्तम अरु पनि खत्तम। समस्टिमा सवै खत्तम। के यस्तो दुर्भावना र दुरासय राख्नु मानव मूल्य हो ? के यस्तो अमानविय कर्म गर्नको लागि नै मानिसले धर्तीमा जन्म लिएको हो ? सके सवैको राम्रो गर्नु, नसके कसैको नराम्रो पनि नगर्नु केही पल वाच्नको लागि मानिसले धर्तीमा जन्म लिएको हुन्छ, यो अवसरको सदुपयोग गरेर मानव हित र कल्याणको लागि केही गर्न सकियो भने सर्वत्र कल्याण नै कल्याण हुनेछ। शायद यो नै मानव जीवनको सार हो। अझै पनि हाम्रो हातमा सुन्दर भविष्य छ। वितेका सवे भुलहरुलाई सच्याएर हामी भित्र जकडिएको द्वेषपूर्ण भावनाहरु उखालेर सदा सदाको निम्ति टाढा फाली आपसमा दया माया क्षमा शान्ति र सदाचारका साथ नौलो जीवनको खोजीमा अग्रसर हुनु नै मानव जीवनको सफलता हो। यसैमा सवैको शान्तिको चाहना पूरा भै हाम्रो वर्तमान शान्ति सुदृढताका साथ अघि वढ्दै जानेछ। यसैमा सवैको हित छ, कल्याण छ। भगवानले हामी सवैलाई सतवुद्धि देओस्। भवतु सव्व मंगलम्।


२५४६औं बुद्ध जयन्तीको उपलक्ष्यमा सम्पूर्ण नेपालीहरुको सुख, शान्तिको लागि हार्दिक शुभकामना।

- तयारी सुनका आकर्षक गहनाहरु,
- चाँदीका गरगहना तथा सामानहरु,
- अर्डर अनुसारको गरगहना,
- राशि अनुसारको बहुमूल्य रत्न, पत्थरहरु

M- KANCHAN एम-कञ्चन

सुन चाँदी दुकान

मोहरियाटोल, १/११८, फोन: ०६१-२१५४८ पेजर:९६८२६०६१७

E-mail: mahendra_gu@hotmail.com

# शान्तिका दूत

❑ सूर्य खड्का 'विखर्ची'

आफै कष्ट खपेर विश्वभरमा आभा दिने बुद्ध हुन्
यी प्राणीहरुमा दया भरिदिने ती शान्तिका दूत हुन्
यस्तै कारण आज नाम उनको संसारमा टल्कियों
ठूलो त्याग यही रहेछ भवमा भन्ने कुरा झल्कियो ।

कैयौं मानिस बुद्धका गहकिला अर्तीहरु पढ्दछन्
त्यै अर्ती नबुझेर फेरि किन हो हिंसातिरै बढ्दछन्
यस्तै चाल बढ्यो भने भुवनमा के शान्ति होला भनी
साँच्चै आँसु चुहाउँदै रगतको बाँच्दैछु दुःखी बनी ।

गुन्दै "ॐ मणि पदम" जीवनभरी यै मन्त्र जप्दै गर
ज्ञानी बुद्ध विभूति हुन् भुवनका जानेर श्रद्धा गर
यौटा दीप बल्यो-बल्यो जुन त्यही निभ्दैन कैल्यै पनि
उच्च त्याग सधैं सिकाइरहलान् ती शान्ति तारा बनी ।


२५४६औं

बुद्ध जयन्तीको

उपलक्ष्यमा सम्पूर्ण

नेपालीहरुको सुख, शान्तिको

लागि

हार्दिक शुभकामना ।

प्रो. शुभालाल बजाचार्य

स्वोस्तिक अलंकार सुनचाँदी दुकान

सिंहानाथ टोल

फोन :- २०७२३

नेपालका राष्ट्रिय विभूति तथा विश्व शान्तिका अग्रदूत भगवान बुद्धको २५४६औं बुद्ध जयन्तीको पूनीत अवसरमा सबैको कल्याण र मङ्गल कामना गर्दछु ।

प्रो.गौतम विजुक्छे

प्रिन्स स्क्रीन प्रिन्टर्स

भैरवटोल, पोखरा

फोन : २६९५१, पेजर : ९६८१ ६०७२९

विवाहकार्ड, भिजिटिङ्ग कार्ड, मिनु, लेटर प्याड, सर्टिफिकेट, रवर तथा नाइलन छाप, प्लाष्टिक झोला छपाई, वुक बाइण्डिङ्ग, स्टीकर तथा अन्य छपाई सम्वन्धि कामको लागि हामीलाई सम्झनुहोस् ।

# नेवार समुदायको धर्म बारे एक विचार

□ तिलकमान गुभाजु

सम्पूर्ण नेवारहरुको भाषा एउटै छ, संस्कृति एउटै छ, तर उनीहरुले मान्ने धर्म दुइटा छन्। कोही नेवार बौद्ध छन भने कोही हिन्दू छन्। नेवारहरुको यस्तो अवस्थाले धेरैलाइं आश्चर्यमा पारेको छ। जान्ने बुझ्नेहरु पनि किन यस्तो भएको होला भनेर अन्यौलमा छन्। यस्तो स्थितिमा सर्वसाधारणले अनभिज्ञता जाहेर गर्नु कुनै अनौठो कुरा होइन।

नेवार समुदायमा यस्तो स्थिति किन आएको होला भनेर बुझ्नको लागि नेवारको मूल थलो काठमाण्डौं उपत्यकाको ऐतिहासिक एवं पौराणिक कालका महत्वपूर्ण केही कुराहरुको जानकारी लिनु आवश्यक हुन्छ। पौराणिक कालको सत्य युगमा बन्धुमती नगरवाट विपश्वी बुद्ध आई जामाच्यो पर्वत अर्थात आधुनिक नागार्जुनमा वसेको र त्यहीं वाट उनले चैत्र शुक्ल पूर्णिमाको दिनमा काठमाण्डौं जसलाई त्यसवेला नागदह भनिन्थ्यो - मा कमलको वीउ रोपेको, त्यस वीउबाट आश्विन शुक्ल पूर्णिमाको दिन अलौकिक कमल फुलेको, त्यही कमलको मध्ये भागमा स्वयम्भु ज्योति प्रादुर्भाव भएको, त्यो आलौकिक ज्योतिको दर्शन गर्न अरुणपुरबाट शिखि बुद्ध आएको, उनले ध्यानाच्यो पर्वत आधुनिक चन्द्रागिरिको पूर्वमा ध्यानगरेको र ध्यान गर्दा गर्दै मेष संक्रान्तिका दिन स्वयम्भू ज्योतिमा अन्तर ध्यान भएको कुरा नेपालको इतिहास र बौद्ध वाङमयमा उल्लेख छ। ती महत्वपूर्ण तीनै वटा स्थलहरु - नागार्जुनमा चैत्र शुक्ल पूर्णिमा, स्वयम्भुमा आश्विन शुक्ल पूर्णिमा र ध्यानाच्यो पर्वतमा मेष सक्रान्तिको दिनमा आजकाल पनि मेला लाग्ने र पूजा गर्नेहरुको घुइचो लाग्दछ।

त्रेतायुगमा अनुपम नगरवाट विश्वम्भु बुद्ध आई फूलै फूल भरिएको पर्वतमा वसी स्वयम्भुमा फूल अर्पण गरेका थिए। जुन पर्वतलाई आज भोलि फुलचोकी भनिन्छ। त्यहीं वसेर उनले नागदहको पानी वाहिर निकाल्ने उपाय वताएका थिए। त्यसपछि महामञ्जुश्री आएर महामण्डल अर्थात अहिलेको मञ्जुश्री स्थानमा स्वयम्भू ज्योतिको आराधना गरे पश्चात नागदहको पानी वाहिर निकालेका थिए। त्यहाँ वाट जल प्रवाह भएपछि त्यो ठाउ मानिस वस्न योग्य भयो र मानिसहरु बसोवास गर्न थाले। उनले नगरको निर्माण गरी धर्माकरलाई राजा वनाए। धर्माकर नेपाल उपत्यकाका पहिलो राजा हुन। मञ्जुश्री फर्केपछि राजाले उनको स्मृतिमा मञ्जुश्री चैत्यको निर्माण गराए जहां श्रीपञ्चमीको दिनमा भव्य मेला लाग्ने गर्दछ।

त्यसपछि क्षमावती नगरवाट स्वयम्भूको दर्शन गर्न ककुछन्द बुद्ध आएको, उनले सन्तान नभएका राजा धर्माकरको निधन पछि धर्मपाललाई राजा वनाएको वंशावलीमा लेखिएको छ।

शोभावती नगरवाट कनकमुनि बुद्ध, भारतको काशीवाट काश्यप बुद्ध र कपिलवस्तुबाट शाक्यमुनि वुद्धले पनि उपत्यकामा आई स्वयंभूको दर्शन गरेका थिए। पछि वौद्ध विद्वान आचार्य शान्तश्रीले स्वयंभु ज्योतिलाई ढुङ्गाले ढाकी त्यसमाथि चैत्य निर्माण गरेको बौद्ध वाङ्मयमा उल्लेख छ।

यो सानो वर्णनले के सिद्ध गर्दछ भने नेपालको उत्पत्ति सित वुद्ध धर्मको इतिहास अविछिन्न रुपले गांसिएको छ। उपत्यका मात्र होइन, वरपरका डाँडाकाँडाहरुमा पनि विभिन्न वुद्धहरुका पदचिन्हहरु छन् जसको स्मृतिमा आज पनि पूजा गर्ने गरिन्छन्।

इतिहासकारहरुले शाक्यमुनि वुद्धको काल देखि यताको काललाई ऐतिहासिक काल भन्दछन्। इतिहासको समायोजन गर्दा शाक्यमुनि वुद्धको समकालीन राजाका रुपमा किराती राजा जितेदास्तीलाई मानिन्छ। उनैको पालमा काठमाण्डौंमा वुद्ध धर्मको प्रचार प्रसार भएको हो। भिक्षु आनन्द त्यसैवेला काठमाण्डौंमा आएको र उनले यहांका

कतिपयलाई भिक्षु पनि वनाएका थिए । ईतिहासको कुरागर्दा बुद्ध धर्मको प्रारम्भिक कालदेखि नै यहाँ बुद्ध धर्मको प्रचार भएको र यहाँका मानिसहरुले पनि सद्धर्मलाई अभिरुचिपूर्वक ग्रहण गरेका प्रशस्त प्रमाणहरु भेटिन्छन् ।

नेपालको किराती कालमा नै भारतको शक्तिशाली सम्राट अशोकको प्रादुर्भाव भएको हो । उनको समकालीनको रुपमा राजा स्थुम्कोलाई लिइन्छ । सम्राट अशोकले बुद्धधर्म अंगाले पछि जताततै बौद्धदूतहरु खटाएर सद्धर्मको व्यापक प्रचार गरेका थिए । उनले नेपालमा पनि दूत पठाएका थिए । त्यतिमात्र होइन, उनी स्वयं भगवान बुद्धको जन्मस्थल लुम्बिनी आएर बुद्ध जन्मेको स्थान यही हो भनेर स्तम्भ समेत खडा गरेका थिए जसलाई आजभोलि अशोक स्तम्भ भनिन्छ । उनले काठमाण्डौं आएर ललितपुरको चारै दिशामा एक एक चैत्यहरु वनाए जुन अशोक चैत्यको नाममा चिनिन्छन् । ललितपुरलाई त्यसवेला उनको नामबाट अशोक पतन पनि भनिन्थ्यो । उनले आफ्नी छोरी चारुमतीलाई नेपालमा नै विवाह गरिदिएका थिए । चारुमती ले यहाँ विहार पनि वनाईन् जुन विहारलाई चारुमती विहार भन्दछन् । त्यही चारुमती विहारवाट त्यस ठाउँको नाम चावहिल रहन गएको इतिहासकारहरु वताउछन् ।

किरातकाल देखि लिच्छविकालसम्म आउंदा बुद्ध धर्म यति व्यापक र विस्तृत रुपमा फैलिएको थियो कि त्यसवेलाका रैथानेहरु, आदिवासी जनजातिहरु सबैले बुद्ध धर्म अवलम्बन गरेका थिए । लिच्छवि राजाहरु प्राय सबै बौद्ध थिए । उनीहरु मध्ये पनि वृषदेवको नाम माथिल्लो स्तरमा राखिन्छ । त्यसवेलाको समाजमा को बौद्ध थिएन भनेर खोज्नु पर्ने अवस्था थियो ।

त्यसवेला बुद्ध धर्म, धर्ममात्र होइन, जीवन यापनको एउटा शैली पनि बनिसकेको थियो । धर्म जनजीवनको अभिन्न अंग भैसकेको थियो र जीवनको हरेक पाइलामा बुद्ध धर्मको छाप देखिन्थ्यो । चित्रकला होस् कि मूर्तिकला, वास्तुकला होस् कि अन्य जताततै बौद्ध छाप अहिले पनि प्रष्ट देखिन्छ । नेवारी कलामा बुद्ध धर्मको लाक्षणिकता विशेषरुपले पाइन्छ । आज त्यहि कला कौशलहरु नेपालको विशेषता भएको छ । त्यही कला नेपाली कला भएको छ ।

भृकुटीले भोटमा जाँदा जुन वौद्ध मूर्तिहरु लगेका थिए, ती अद्वितीय थिए । त्यस्तै पछि अरनिकोले भोट र चीनमा नेपाली कला कौशलले युक्त भएको गोम्वाहरु निर्माण गरी जुन कुशलताको प्रदर्शन गरे, त्यसले नेपाली कलाकारीताको विलक्षणताको परिचय दिएको सर्व विदित छ ।

यस हिसावले हेर्दा पनि उपत्यकाका वासिन्दाहरु सबैले बुद्धधर्म अपनाएको देखिन्छ । त्यसैले आजका वौद्ध नेवार र हिन्दू नेवारले मान्ने चाड पर्व र ती चाडपर्व मान्ने तौर तरिका सबैमा समानता छ । नेपाल सम्वतको पहिलो दिन नया वर्ष म्हपूजा दुवैले उत्तिकै महत्वका साथ र उस्तै गरी मान्ने गर्दछन् ।

त्यस्तै घोडे जात्रा, इन्द्रजात्रा, मछेन्द्रनाथको जात्रा आदि पनि उनीहरुले समान किसिमले मान्ने गर्दछन् । कुमारी र भैरव जात्रामा पनि उनीहरु उत्तिकै मात्रामा सहभागी र सम्मिलित हुने गर्दछन् । अझ भनौं भने कुमारी हुने केटी शाक्य कुलकै हुनुपर्ने परिपाटी छ भने भैरवनाच आदिको प्राणप्रतिष्ठा गर्ने काममा वज्राचार्य गुभाजूको उपस्थिति र गुभाजूद्वारा मन्त्रोचारण गर्नु पर्ने अनिवार्यता यद्यपि कायम नै छ । काठमाण्डौंका धेरै मठ मन्दिरका पूजारीहरु वौद्धहरु नै छन् । मोफसलमा हिन्दूमा परिणत भएका कतिपय थरका नेवारहरुको पुर्खा काठमाण्डौंमा अहिले पनि आफूलाई बौद्ध नै भन्ने गर्दछन् ।

यस किसिमले हेर्दा नेवारहरुमा पहिले धार्मिक विभाजन र भेदभाव भएको पाइदैन । तर जब नेवार समुदायमा ब्राम्हणवादको घुसपैठ भयो, तव त्यो समुदायमा प्रष्ट विभाजन देखा पर्‍यो । त्यही वेलादेखि कोही नेवार वौद्ध नै भएर रही रहे भने कोही वर्णाश्रम धर्मतिर लागेको देखिन्छ । तर उनीहरु त्यसरी वर्णाश्रम धर्मतिर लागेको धेरै पहिले देखि

होइन। नेवार समुदायमा त्यस्तो विभाजन कहिले देखि भयो, त्यो एक खोजी, अध्ययन र अनुसन्धानको विषय भएको छ। आजका नेवारहरुको ध्यान त्यतातिर जानु आवश्यक छ।

वर्णाश्रम धर्म वा ब्राम्हण धर्म सम्बन्धमा नेपालीहरुमा के भ्रम छ भने त्यो धर्म समाजमा पहिले देखि नै विद्यमान थियो। कम से कम काठमाण्डौं उपत्यकाको सम्बन्धमा र आदिवासी जनजाति समुदाय सम्बन्धमा त्यसो भन्नु सरासर गलत हो। यहाँ किरात काल र लिच्छवि कालको शुरु सम्म पनि ब्राम्हणधर्म प्रवेश भएको थिएन। इसाको पहिलो शताब्दीमा भारतीय ब्राम्हणहरु उपत्यकामा प्रवेश गर्न थालेको अनुमान गरिएको छ। उनीहरुले घरजम गरेर बस्न थालेको त्यसभन्दा पनि धेरै पछि हो। फेरि नेवारहरुको बाहुल्य हुँदा सम्म उपत्यकाको एउटा के विशेषता थियो भने यहा जो आएर बसेपनि नेवार नै हुन्ये। शुरुवातमा कतिपय ब्राह्मणहरु पनि नेवार भएको अनुमान छ। अरु जातका पनि थुप्रै नेवार भएको प्रमाण छ। पछि ब्राह्मणहरुको संख्या बढ्दै गएको र उनीहरुको चातुर्यताले गर्दा पनि नेवारहरुमाथि उनीहरुको हैकम र प्रभुत्व बढ्दै गयो। अनि जसो जसो बाहुन बाजे उसो उसै स्वाहा भन्दै गए

त्यस अघि त्यस वेलाका ठाउहरुका नाम र मानिसको नाम आदि पनि अधिकांशत असंस्कृत मूलका छन् अर्थात आफ्नै स्थानीय भाषामा वोलिने किसिमका छन्। त्यसो किन भयो भनेर सोच्दा प्रष्ट हुन्छ, त्यसवेला सम्म हिन्दू ब्राम्हणहरुको यहाँ पहुँच नै भएको थिएन।

